आसिफा औपचारिक रूपमा राजनीतिमा प्रवेश | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २९४ • २०८० साल चैत्र ८ गते बिहिबार (21 March, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सुराकी खर्च बन्द गर्ने निर्णय

**किरण कर्ण**



जनकपुरधाम । मधेश प्रदेशको अतिविवादित बनेको सुराकी खर्च नलिने नवनियुक्त गृह, सञ्चार तथा कानुन मन्त्री सरोज कुमार यादवले निर्णय गरेका छन् ।

यस अघि मधेश प्रदेशमा गृह मन्त्री बनेका सबैले सुराकी खर्च लिएका थिए । मन्त्रालयका अनुसार प्रति महिना मन्त्रीले डेढ लाख, राज्यमन्त्रीले एकलाख र सचिवले पचास हजारको दरले रकम बुझ्ने गरेका थिए ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयको जिम्मेवारी मंगलवार सम्हालेकै दिन मन्त्री यादवले सुराकी खर्च नलिने र त्यो कार्यविधिलाई नै खारेज गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय गरेका छन् ।

उनको नेतृत्वमा एमाले मधेश प्रदेश सरकारमा सहभागी भएको छ । यादवले मन्त्रालयमा बहाली गरेकै दिन सुराकीको अध्यायलाई अन्त्य गर्ने निर्णय गरेका छन् । 'आफ्नो प्रहरी लगायतका सुरक्षा निकायहरु समेत प्रदेश सरकारसँग छैन्' उनले भने, मासिक रुपमा सुराकी भत्ता बुझेर कहाँ सूचना दिएको भने समेत जानकारी छैन् ' उनले भने, यसबाट मधेश प्रदेशको अनावश्यक रुपमा वार्षिक लाखौं रुपैयाँ खर्च भएको छ ।

मधेश प्रदेश सरकारको पहिलो गृहमन्त्री बनेका ज्ञानेन्द्र कुमार यादवले सर्वाधिक ५४ लाख रुपैयाँ सुराकी बुझेको मन्त्रालयको तथ्यांक छ । सबै भन्दा कम रकम कांग्रेसका मो.समिमले बुझेका छन् ।

सुराकीको रकमले मधेश प्रदेशलाई देशैभरि विवादमा पारेको छ । कार्यविधि बनाएर रकम खर्च गरिए पनि त्यसको औचित्य भने पुष्टि हुन नसकेकाले त्यसलाई खारेज गर्ने प्रकृया थालेको मन्त्री यादवले बताए ।

मधेश प्रदेश सरकारले प्रहरी समायोजनका लागि निरन्तर प्रयास गरिरहेको छ ।तर त्यो भन्दा अगावै सुराकीको नाममा रकम बुझेको विषयले विवादमा तानेको छ ।

### अनुसन्धान पूरा भएको छैन्

# सक्कल प्रमाण दिन आलटाल, मेयरसित काठमाण्डुमै भेंट

**अनिल तिवारी**

वीरगञ्ज । किर्ते नागरिकता र जन्मदर्ता बनाएको अभियोगसहित वीरगञ्ज महानगरपालिकाका मेयरमाथि दर्ता रहेको मुद्दाको अनुसन्धानमा जिल्ला प्रशासन कार्यालय बाधक बनेको छ ।

पर्सा जिल्लाका प्रहरी प्रमुख एसपी कुमोध ढुंगेलले बुधवार सञ्चारकर्मीहरुसित गरेको परिचयात्मक कार्यक्रममा सम्बन्धित निकायबाट सक्कल प्रमाणहरु प्राप्त नभएकाले अनुसन्धानमा ढिलाइ भएको बताए ।

'सक्कल प्रमाणका लागि महानगरपालिका र जिल्ला प्रशासन कार्यालय पर्सालाई दुई पटक पत्राचार गरिए पनि सक्कल प्रमाणहरु प्राप्त भएको छैन्' उनले भने, अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन प्रहरीले काम थालिसकेको छ ।

मधेश प्रदेशका एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले रुबिना श्रेष्ठ नाम गरेकी एकजना किशोरीलाई आफ्नी छोरी भन्दै वंशजको नाताले नागरिकता दिलाएका छन् । तर ती किशोरी मेयर सिंहकी छोरी नरहेको र नागरिकता किर्ते बनाइएको यथेष्ठ प्रमाणसहित जिल्ला प्रशासन कार्यालय पर्सामा उजुरी दर्ता गरिएको छ । जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता भएको महिनौ बितिसक्दा पनि हाल सम्म कुनै कारबाही अगाडि नबढाइएको उजुरीकर्ता मोहम्मद सहाबुद्दिनले आरोप लगाउँदै आएका छन् । 'प्रमाणसहितको उजुरी दिँदा पनि जिल्ला प्रशासन कार्यालयले कारबाहीमा चासो देखाएको छैन्' उनले भने, वंशज नाताले किर्ते नागरिकता बनाउनेलाई प्रशासन कार्यालयले संरक्षण गरेको छ ।



नागरिकता बितरण गर्ने निकाय नै जिल्ला प्रशासन कार्यालय भएकाले सबै प्रमाणहरु त्यहाँ नै हुनुपर्ने उनको दावी छ । गृह मन्त्रालयले खटाएको अनुसन्धान टोलीले समेत घटनाको छानबिन गरेको छ । गृह मन्त्रालयको टोली समक्ष मेयर सिंहले दिएको वयानमा रुबिना श्रेष्ठ आफ्नी काञ्छी श्रीमती तर्फको छोरी भएको बताएका थिए ।

जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई सक्कल कागज उपलब्ध नगराएको र महानगरपालिकाका मेयर सिंह नै रहेकाले त्यहाँबाट पनि प्रमाण उपलब्ध गराइएको छैन् ।

एसपी ढुंगेलले अदालतबाट पक्राउ पुर्जी जारी भएकै दिन मेयर सिंहलाई हथकडी लगाउने परिचयात्मक कार्यक्रममा बताए । तर उनी कार्यक्षेत्रमा आउनु अगावै काठमाण्डुमा नै मेयर सिंहसित विशेष भेंटवार्ता गरिसकेका छन् ।सञ्चारकर्मीहरुले त्यस विषयमा पनि जिज्ञासा राखेका थिए । पर्साको १४ पालिकामध्ये अनुसन्धानमा रहेका मेयर सिंहसित मात्रै काठमाण्डुमा भेंट गर्नुको तात्पर्य सञ्चारकर्मीहरुले जान्न चाहेका थिए ।

अदालतबाट पक्राउ पुर्जी जारी भएपछि मेयर राजेशमान सिंहलाई उनको कार्यकक्षबाट हातमा हतकडी लगाएर ल्याउन आफू न हिचकिचाउने भन्दै उनले सरकारी वकिल कार्यालयबाट मुद्दा नचल्ने निर्णय समेत हुन सक्ने आशंका व्यक्त गरे ।

मेयर सिंहले रुबिना श्रेष्ठको जन्मदर्ता समेत किर्ते गरेको मुद्दा सरकारी वकिल कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालय पर्सामा दर्ता भइसकेको छ । जन्मदर्ता किर्तेको सम्पूर्ण प्रमाणसहित मोहम्मद लियाकतले सरकारी वकिल मार्फत मुद्दा दर्ता गराएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साले मुद्दा दर्ता गरे पनि प्रमाण प्राप्त नभएको भन्दै पञ्छिने गरेको उनले आरोप लगाएका छन् । मेयर सिंहको प्रभावमा परेर जिल्ला प्रशासन र प्रहरी कार्यालयले गैरकानुनी काममा समेत कारवाही नगरेको आरोप लाग्न थालेको छ ।

सञ्चारकर्मीहरुसितको संवादमा एसपी ढुंगेलले जिल्लामा हुने गरेका आपराधिक घटनाहरुलाई नियन्त्रण गर्न आफू इमान्दारीपूर्वक लाग्ने प्रतिबद्धता जनाए । 'अन्यायमा परेका नागरिकले सोझै आफूलाई भेंटने वातावरण मिलाउने छु' उनले भने, पीडामा परेकाहरुलाई प्रहरीले न्याय दिलाउने छ ।

पर्सा जिल्ला तस्करीका लागि देशैमा कुख्यात मानिन्छ । भन्सार छलेर नेपाल भित्रिने मालवाहक ट्रकका धनीहरुसित दोस्रो पटक 'सेटिंग' नमिले नियन्त्रणमा लिने गरिने आरोप पर्साका प्रहरीमाथि लाग्दै आएको छ । भारी परिमाणमा प्रहरीले राजस्व छलीका मालसमानहरु बरामद गरे पनि 'सेटिंग'पछि छाड्ने गरिएको जानकारी एसपी ढुंगेललाई पत्रकारहरुले गराएका थिए ।

पर्साका तस्कर, हुण्डी कारोबारीहरुको प्रहरीसँग बलियो 'सेटिंग' रहेको बताइन्छ । भ्रष्टाचारमा संलग्नताको मुद्दा खेप्नु नपरे पनि विगतमा विवाद मुक्त कमै प्रहरी प्रमुख रहन सकेका छन् ।



# सांसद बोलिरहने, सरकार सुनिरहने मात्रै हुनुहुँदैनः सांसद अनिता देवी



काठमाण्डु । जनमत पार्टी पहिलोपटक निर्वाचनमा होमिएको हो । जनमत नयाँ दलका रूपमा संसद्मा प्रवेश गरेको छ। बाहिरबाट हेर्दा र संसदीय प्रक्रियामा प्रवेश गर्दा निकै नै फरक अनुभव महसुस हुँदोरहेछ । संसदीय गतिविधिका बारेमा पत्रपत्रिकाबाट थाहा पाउँदै आएका हामी सांसद भएर प्रतिनिधिसभामा प्रवेश गरेपछि भने गतिविधि प्रत्यक्ष हेर्न पाइयो ।

जनप्रतिनिधिका रूपमा निर्वाचित भइसकेपछि सांसदको संसद् बैठकमा दह्रिलो उपस्थिति हुन्थ्यो होला भन्ने सोचेको थिएँ, तर अवस्था बिलकुल फरक हुँदोरहेछ । संसद् बैठकमा सांसदको भूमिका जे सोचिएको थियो, त्यस्तो हुँदो रहेनछ । संसद्मा आउने, आफ्ना कुरा राख्ने र निस्कने दृश्य पनि देखिएको छ । जनप्रतिनिधि भएका नाताले सांसदले आफ्ना क्षेत्रका जनताका समस्या तथा गुनासो संसद्मा राखेर सरकारको ध्यानाकर्षण गराउनुपर्छ । जनताले संसदीय गतिविधिलाई पनि नजिकबाट नियालिरहेका हुन्छन् ।

जिल्ला जाँदा जनताले हाम्रा समस्याका विषय आफ्ना जनप्रतिनिधिले संसद्मा उठाएको भनेर भन्नुहुन्छ, तर त्यस विषयको कार्यान्वयनको अवस्था भने निकै जटिल छ । जनप्रतिनिधिले उठाएका विषय कार्यान्वयन भएको तथा त्यस विषयमा सरकारको ध्यानाकर्षण भएको अनुभूति भइरहको छैन । सांसद बोलिरहने, सरकार सुनिरहने जस्तो देखिएको छ । सांसद हुनअघि आफूलाई संसद्मा उठाएका सबै विषय सरकारले सहजै कार्यान्वयन गर्छ होला भन्ने लागेको थियो, तर त्यस्तो हुँदोरहेनछ ।

सङ्घीय संसद् कानुन निर्माणको प्रमुख थलो हो, तर कसका लागि कानुन बनाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ । जसका लागि कानुन निर्माण गरिने हो, त्यो पक्षसँग छलफल नै हुँदैन । हाम्रो देश, जनता, भूगोल र समुदायलाई केन्द्रमा राखेर कानुन निर्माण गर्न सकियो भनेमात्रै प्रभावकारी हुनसक्छ । कोठाभित्र बसेर बनाइने कानुन कहिल्यै पनि सफल हुँदैन । विसं २०७९ को निर्वाचनपछि संसद् चलेको एक वर्ष नाघिसक्यो, तर कानुन निर्माणको अवस्था भने अत्यन्तै कमजोर छ । संविधान कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण कानुन निर्माण हुन नसक्नुमा कहीँ न कहीँ सरकारका तर्फबाट कमीकमजोरी भएका छन् । यसबीचमा जनमत पार्टी पनि सरकारमा सहभागी भएको छ । म आफैँ सङ्घीय मामिला तथा समान्य प्रशासनमन्त्रीका रूपमा छ महिना बढी जिम्मेवारीमा रहेँ । तर कानुन निर्माणमा विलम्ब हुँदा पनि खबरदारी कम भएको महसुस गरेको छु ।

कानुन निर्माणमा निश्चित समय तालिका बनाएर अघि बढ्नुपर्छ । यसअर्थमा पनि के भन्न सकिन्छ भने कानुन निर्माणमा सरकारले प्रभावकारी भूमिका खेल्न सकेन । कुनै एउटा पार्टीको बहुमत नहुँदा पनि कानुन निर्माणले गति लिन नसकेका मान्न सकिन्छ । कानुन निर्माणको प्रक्रियामा सत्तापक्ष, प्रतिपक्ष नभनी एकीकृतरूपमा अघि बढ्नुपर्छ । जनताको हितका लागि सबै दलले सहकार्य गरेर जानुपर्ने होइन र ? त्यो दिशामा सबै राजनीतिक दलले ध्यान दिनुपर्छ । नेपालको संसदीय अभ्यासलाई हेर्ने हो भने राष्ट्रिय समस्यामा दलहरूबीच साझा दृष्टिकोण बन्न नसक्नु विडम्बना हो । सरकारमा रहँदा एक र बाहिर रहँदा अर्को कुरा गर्ने प्रवृत्तिले अप्ठयारो पारेको छ । संसद्मा बौद्धिकता र विद्वत्वता भए पनि त्यसले काम नगर्दोरहेछ। सबै विषय बहुमतबाट टुङ्गोमा पुग्दोरहेछ । संविधान कार्यान्वयन गर्न आवश्यक महत्त्वपूर्ण ऐन अझै बन्न सकेका छैनन् । सङ्घीय कर्मचारी विधेयक हालै मात्र संसद्मा दर्ता भई छलफलको प्रक्रियामा गएको छ । प्रहरी समायोजनको विषय अझै टुङ्गिन सकेको छैन । केही दिन ढिला भए पनि परिपक्व कानुन निर्माणमा सबै सांसदले ध्यान दिनुपर्छ । राष्ट्रिय मुद्दामा सम्पूर्ण राजनीतिक दल एकताबद्ध हुनुपर्छ । जनताको भावना सम्बोधन गर्न नेता तथा सांसद दलीय घेराभन्दा माथि उठ्नुपर्छ ।

जनतम पार्टीले सधैँ जनताको हितलाई केन्द्रमा राखेको छ । जनताले कस्तो कानुनी व्यवस्था खोज्छन्, त्यसलाई मूर्तरूप दिन जनमत पार्टी क्रियाशील रहन्छ । राजनीतिक उपलब्धिको रक्षाका लागि बलियो कानुनी संरचना आवश्यक छ । राजनीतिक दलभन्दा माथि उठेरमात्रै देश र जनतालाई हेरेर कानुन निर्माण गर्नु आवश्यक छ । बढ्दो युवा पलायन रोक्न औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरेर रोजगारी सिर्जना गर्नुपर्छ । राष्ट्रिय पुँजीपतिको राज्यले संरक्षण गर्नुपर्छ । लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ । निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्नुपर्छ । कानुन निर्माण गर्ने संसद्बाटै हो । राष्ट्रिय चासोका विषयमा दलीय स्वार्थभन्दा माथि उठेर एकताबद्ध भएर जान सकेमा अपेक्षित परिणाम दिन सकिन्छ । सरकारले संसद्लाई पर्याप्त 'बिजनेस' दिनुपर्छ ।

चार वर्षदेखि राजनीतिमा सक्रिय सांसद अनिता देवी जनमत पार्टीबाट प्रतिनिधिसभामा प्रतिनिधित्व हुनुहुन्छ । उहाँ प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको यसअघिको सरकारमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रीको भूमिकामा हुनुहुन्थ्यो । उहाँको कार्यकालमा नै सङ्घीय निजामती सेवा विधेयक सङ्घीय संसद्मा दर्ता भएको हो । विसं २०३९ वैशाख २१ गते जन्मनुभएकी सांसद देवी जनमत पार्टीको केन्द्रीय सदस्य भई जिल्ला इन्चार्जसमेत भइसक्नुभएको छ । हाल उहाँ जनमत पार्टीको केन्द्रीय सचिव हुनुहुन्छ ।रासस

# जनताको जीवनस्तर उकास्ने गरी बजेट बनाउनुपर्छः सांसद विश्वकर्मा



काठमाण्डु।प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का छविराज विश्वकर्माले जनताको जीवनस्तर उकास्न प्रभावकारी योजनालाई अगाडि बढाउने गरी बजेट ल्याउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (करप्रस्ताव बाहेक) माथिको छलफलमा उहाँले जनताकेन्द्रित भएर बजेट ल्याउनुपर्ने सुझाव दिनुभयो ।

"नेपालमा आत्मनिर्भर हुने कृषि बालीको प्रयोग तथा पशुपालनतर्फ सरकारले ध्यान दिन सके मुलुकको आर्थिक उन्नति सम्भव छ", सांसद विश्वकर्माले भन्नुभयो, "तराईमा कृषिका लागि धेरै सम्भावना भएपनि सिँचाइ अभावका कारण पर्याप्त उत्पादन लिन सकिएको छैन । त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ ।"

सांसद विश्वकर्माले लुम्बिनी गुरुयोजनालाई पूर्णता दिएर पर्यटकलाई आकर्षण गर्ने, मुलुकमा पर्यटनको प्रचुर सम्भावना रहेकाले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार तयार गर्ने गरी बजेट ल्याउनुपर्नेमा सुझाव दिनुभयो । उहाँले सामुदायिक तथा प्राविधिक शिक्षालाई गुणस्तरीय बनाउनुपर्ने, स्वास्थ्य बीमालगायतका कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

काष्ठकला, मुर्तिकला, पत्थरको क्षेत्रमा काम गर्ने परम्परागत सीपलाई आधुनिकरण र वैज्ञानिकीकरण गर्नुपर्ने विषयमा पनि बजेटले ध्यान दिनुपर्ने सांसद विश्वकर्माले सुझाव दिनुभयो ।नेपाली कांग्रेसका सांसद उदयशमशेर जवरा राणाले सरकार, नीजि क्षेत्र र सर्वसाधरणले अर्थतन्त्रलाई चलायान बनाउन जरुरी रहेको बताउनुभयो । "अर्थतन्त्र चलायमान बनाउन ३० हजारभन्दा बढी सहकारीमा भइरहेको अनियमितताको बारेमा निष्पक्ष छानबिन गर्नुपर्छ", उहाँले भन्नुभयो, "सहकारी संस्था सर्वसाधारणको आर्थिक करोबार हुने प्रमुख स्थान हो ।

यसलाई सुधार गर्न संसदबाटै छानबिन समिति बनाएर निष्पक्ष छानबिन गर्नुपर्छ । यो क्षेत्रलाई सुधार गरे नागरिकको जीवन सहज हुँदै जानेछ ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद हितराज पाण्डेले उत्पादन तथा रोजगारी बढाउँदै आयोजना कार्यान्वय, नागरिकको जीवनस्तर सुधार्न आम्दानीका स्रोत पहिचान गरी ती क्षेत्रमा लगानी गर्नेगरि बजेट विनियोजन गर्नुपर्ने बताउनुभयो । आधुनिक प्रविधिलाई प्रयोगमा ल्याएर उत्पादन वृद्धिमा ध्यान दिनुपर्ने, खेर जाने पानीलाई सदुपयोग गरी सिच्भाइको व्यवस्था गर्नुपर्ने उहाँको सुझाव थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले बजेट बनाउँदा पूँजीमा मात्र नभएर वितरण गर्नुपर्ने कुरामा पनि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले निर्यात गर्ने सामग्रीको अध्ययन गर्नुपर्ने, पर्यटकलाई आकर्षण गर्नुपर्ने, रोजगारी र उद्यमशीलता बढाउने क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो ।

सांसद बिना लामाले देशको अर्थतन्त्रलाई माथि उकास्न मुलुकमा सम्भावित उद्योगहरुको पहिचान गरी ती उद्योग खोल्नुपर्ने र आर्थिक अवस्था सन्तुलन कायम गर्न प्रदेश संरचना हटाउनुपर्ने सुझाव राख्नुभयो । सदनमा आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल जारी छ ।रासस

# चैतभित्र विद्यालयमा पुस्तक पुऱ्याउन केन्द्रलाई मन्त्रालयको निर्देशन

काठमाण्डु । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलाई चैत मसान्तभित्र स्थानीय तहहरुमा विद्यालय तहको पाठ्यपुस्तक पुऱ्याउन निर्देशन दिएको छ ।

कक्षा ५ देखि १० सम्मको एक करोड ७५ लाख थान पुस्तक छपाइको जिम्मेवारी पाएको केन्द्रलाई मन्त्रालयले विसं २०८१ वैशाख २ गतेदेखि सुरु हुने नयाँ शैक्षिक सत्रका लागि विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुग्नेगरि व्यवस्था गर्न निर्देशन दिएको हो । कक्षा १ देखि ४ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको निजी क्षेत्रलाई पनि सोहीअनुरुप गर्न निर्देशन दिइएको छ ।

जनक शिक्षाका प्रबन्ध निर्देशक अनिलकुमार झाले केन्द्रले १६ लाख थान पाठ्यपुस्तक मात्र छपाइ गर्न बाँकी रहेको भन्दै छपाइ भएका पुस्तकको ढुवानी सुरु गरिसकेको जानकारी दिनुभयो । मन्त्रालयको निर्देशन आउनु अघिनै पाठ्यपुस्तक छपाइ अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो ।छपाइ सकिएका पुस्तकहरु उपत्यका बाहेक सातवटै प्रदेशमा रहेका वितरण केन्द्र एवं कार्यालयमा दैनिक ढुवानी गर्ने कार्य भइरहेको झाले बताउनुभयो । उहाँले मन्त्रालयको निर्देशन कार्यान्वयन हुने, पुस्तक अभाव हुन नदिने भन्दै चैत १५ गतेदेखि पाठ्यपुस्तक पालिकामा ढुवानी गरिने बताउनुभयो ।

# शिक्षामा लगानी बढाउनुपर्छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शिक्षा क्षेत्र पूर्वाधारको पनि पूर्वाधार भएकाले यसको विकासका लागि राज्यको लगानी बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

शिक्षालय राष्ट्रिय मासिकले मङ्गलबार यहाँ आयोजना गरेको १८औँ 'नेशनल एजुकेसन अवार्ड' कार्यक्रममा उपप्रधानमन्त्री श्रेष्ठले शिक्षा क्षेत्र बिग्रिएमा समाजको विकासक्रम नै बिग्रने भएकाले शिक्षाका भौतिक पूर्वाधार तथा प्रविधि विकास र सामयसापेक्ष पाठ्यक्रम तर्जुमाका लागि लाग्नुपर्ने बताउनुभयो । उहाँले गुणस्तरीय शिक्षाका लागि क्षमतावान् शिक्षक राखिनुपर्ने र शिक्षकलाई मर्यादा, प्रतिष्ठाका साथै सुविधा दिनुपर्ने बताउँदै शिक्षालयमा शिक्षालयहरूमा योग,ध्यानको



अभ्यास सँगसँगै गराउन सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "शिक्षा बाँच्नका लागि होइन, जीवनका लागि हो भन्ने मान्यता विकास गर्न आवश्यक छ ।"

शिक्षासेवीसम्मानितकार्यक्रममा शिक्षा क्षेत्रका योगदानकर्ता, सेवी, विज्ञ, विद्यालय सञ्चालक, कर्मचारी र शिक्षा पत्रकारलाई सम्मान गरिएको थियो । मध्यपश्चिम विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा नन्दबहादुर सिंह, चितवनको माडी नगरपालिकाका प्रमुख ताराकुमारी काजी महतो, शिक्षक सेवा आयोगका प्रशासकीय प्रमुख डा कमल पोखरेल, जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झा, ग्यालेक्सी पब्लिक स्कुलका संस्थापक गीता राणा, ज्ञानोदय बालबबाटिकाका संस्थापक इन्दिरा याक्थुङ्गा, सिन्धुपाल्चोकको मेलम्ची ध्याङ माविका प्रधानाध्यापक पूर्णबहहादुर गौतम, काठमाडौंको नीलबाराही माविका प्रधानाध्यापक डा जानुका नेपाल, तनहुँको महेश विद्याश्रम, पृथ्वी माविका सहयोगी राजेन्द्रप्रसाद धिमाललाई सम्मान गरिएको थियो ।

यसैगरी, रु १० हजार राशिको शिक्षा पत्रकारिता पुरस्कार 'जुपिटर मिडिया'का सुनिल आचार्य र रेडियो कान्तिपुरका पार्वता चौधरीलाई प्रदान गरिएको थियो भने शिक्षालय मासिकका प्रधानसम्पादक श्याम तण्डुकारले शिक्षासेवीहरूको योगदानलाई प्रोत्साहन गर्न सम्मान कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।रासस


## Lost of Document

I have lost Degree certificate (concocation) and all semesters (from 1st sem to 8th sem) Marksheet of Bachelor's in Mechanical Engineering, while traveling on the way from Bardibas to Ramgopalpur and got lost at Ramgopalpur Market (Bazaar). If anyone finds the document please contact.

**Name:** Ranjeet Kumar Singh
**Degree:** Bachelor's in Mechanical Engineering
**Year:** 2014 to 2018
**Symbol No:** 1AJ14ME017
**Documents lost:** Convocation Certificate and all semesters (1st to 8th) Marksheet.
**College Name:** Adarsha Institute of Technological University
**Contact No. :** 9864218751
**Address :**Ramgopalpur-06, Mahottari


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'जथाभावी उत्खनन गर्ने कार्य नियन्त्रणका लागि जिससलाई अधिकार देउ'



**टुडे समाचारदाता**

जनकपुरधाम । जथाभावी क्रसर उद्योग सञ्चालनले प्राकृतिक श्रो तथा वातावरणप्रति प्रतिकुल असर परिरहेको भन्दै जिल्ला समन्वय समिति तथा सुरक्षानिकायसंग छलफल गरेको छ ।

मधेश प्रदेशमा अधिकांश क्रसर उद्योगहरु गैरकानुनीढंगले सञ्चालनमा रहेकाले सोको नियन्त्रण तथा कारबाहीको अधिकार जिल्ला समन्वय समितिलाई दिनुपर्ने भन्दै मधेश प्रदेशसभा अन्तर्गतको प्राकृतिक श्रोत तथा वातावरण समितिको बैठकमा सरोकारवालले माग गरेको छ ।

मधेश प्रदेशसभामा बुधबार भएको छलफलमा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले गैरकानुनीरुपमा अधिकांश क्रसर उद्योगहरु सञ्चालनमा रहेको भन्दै यसले चुरे क्षेत्र तिव्ररुपमा विनाश भइ मधेश मरभुमिमा परिणत हुने सम्भावना रहेकाले सचेत हुनुपर्ने बताए ।

उनले क्रसर उद्योगमाथि कारबाही गर्ने निकाय नहुँदा र रहेका निकायले मौनता साँध्ने काम गरेकाले मधेश प्रदेश सरकारले चुर क्षेत्रलाई विनाश हुनबाट जोगाउनका लागि जिल्ला समन्वय समितिलाई कारबाही गर्ने अधिकार दिनुपर्ने माग गरे ।

धनुषाका जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल राजले जिससलाई अनुगमन गर्ने बाहेक कारबाही गर्ने अधिकार नहुँदा र पालिकाले मनोमानी ढंगले खोला दोहन तथा चुरे क्षेत्रमा रहेको ढुंगा, गिट्टी, बालुवालगायतका सामग्रीहरु जथाभावीरुपमा उत्खनन हुँदा विनाशको क्रम बढ्दै गएको प्रति चिन्ता व्यक्त गरे ।

रौतहटका जिससका प्रमुख राम अयोध्या रायले चुरे क्षेत्रको दोहन र जंगल विनासले अबको दुई दशक पछि मधेश मरभुमिमा परिणत हुने बताए । जसले गर्दा मधेशको उब्जाउ जमिनमा यत्रतत्र बालुवा र ढुंगाहरुका कारणले मरभुमि हुने र जलको अभावमा यहाँका वन्यजन्तु तथा मानव जिवनसमेत संकटमा पर्ने बताउँदै प्रमुख रायले मधेश प्रदेश सरकारले तत्काल कानुन निर्माण गरि चुरे क्षेत्र वरिपरको दोहन रोक्नुपर्ने बताए ।

प्राकृतिक श्रो तथा वातावरण समितिका सभापति शारदा दास पहाडीले सरोकारवालाहरुसंग भएको छलफल पछि क्रसर उद्योग तथा चुरे क्षेत्रको समेत स्थलगत अनुगमन गरेर प्राकृतिक श्रोत तथा वातावरणलाई संरक्षण हुने गरि कानुन निर्माणका लागि पहलकदमी लिने बताइन् ।

सो बैठकमा मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक यज्ञ विनोद पोखरेललाई सुरक्षा र कारबाही प्रक्रियालाई प्रभावकारीढंगले अघि बढाउनुपर्ने विषयमा बोलाइए पनि उनी भने उपस्थित नभएको सभापति शारदा दास पहाडीले बताइन् ।

प्रहरी नायब महानिरीक्षक पोखरेल आफै उपस्थित नभई आफ्ना प्रतिनिधिलाई पठाएको भन्दै पञ्छिन खोजेको सो बैठकमा सहभागी भएकाहरुले आरोप लगाए ।

सो समितिको सभापति शारदा दास पहाडीको सभापतित्वमा भएको बैठकमा सभामुख रामचन्द्र मण्डल, उपसभामुख बबिता कुमारी राउत, सो समितिका सदस्यसमेत रहेका प्रदेशसभा सदस्यहरु इन्दु कुमारी साह, त्रिभुवन साह, देवनारायण थारु, नागेन्द्र साह, नुरुन नोस, मनोजकुमार सिंह, ममता देवी मण्डल, राजकुमार लेखी, संजिला कुमारी यादव र जिसस बाराका प्रमुख नरेन्द्र कुमार साह, जिसस सिरहाका प्रमुख दिनेश कुमार महतो, जिसस सप्तरीका प्रमुख शिवनारायण साहलगायतकाहरुसमेत सहभागि थिए ।

# लोपहुँदै परम्परागत होली गीत

**टुडे समाचारदाता**

जनकपुरधाम ।

*"कौन तालपर ढोलक बाजे कौन ताल मृदङग ?*
*कौन तालपर गोरिया नाचे कौन तालपर हम ?*
*जोगीरा सर र र !!!"*

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदङ्ग, कुन तालमा कान्छी नाच्छे कुन ताल म) वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेमभाव भएका होली गीत लोप हुँदै गएका छन् । होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ ।

मिथिलाञ्चलमा गाइने यसप्रकारको जोगिराले होली पर्व खेल्नेहरुबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद परमेश्वर कापडि भन्छन् । उनले भने, "होली पर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन । होली मनभित्र रहेको कुण्ठित विचार समाप्त पार्ने पर्व हो ।"

लक्ष्मीनिया गाउँपालिका-६ का ६५ वर्षीय रामलोचन साहले परम्परागत बाजा मृदङ्ग बजाई फागु गीत जोगिरा गाउन नपाएको चित्त बुझेको छैन । उनी भन्छन्, "पहिले गाउँगाउँ, टोलटोल घुमेर फागुपर्वको आगमन भएकोबारे जोगिरा गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउनेहरु नै नहुँदा न ढोल र मृदङ्ग बज्छ, न त फागुगीत नै गाइन्छ ।"

"यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ 'न जोगिरा' का स्वर नै सुनिन्छन् !", वर्षौंदेखि जोगिरा गाउँदै आएका जनकपुरधाम उप महानगरपालिका-७ का ७२ वर्षीय वेचन साह भन्छन्, "मेरा समूहका धेरै साथीको परलोक पुगिसके, कोही थलिएका छन् । गीत गाउने रहर अझै छ तर साथ दिने कोही छैनन ।"

वसन्तपञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा (फागु गीत) अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

*किनका के हाथ कनक पिचकारी,*
*किनका के हाथ अबीर झोरी ?*
*रामजी के हाथ में कनक पिचकारी,*
*सियाजी के हाथ अबीर झोरी'!!*
*जोगिरा..सररर..!!'*

(कसको हातमा सुनजडित पिचकारी (लोला) छ र कसको हातमा अबीरको झोला ? रामजीको हातमा सुनजडित पिचकारी छ र सीताजीको हातमा अबीरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा (फागु गीत) अब मिथिलाञ्चलमा निकै कम गाइन्छ । होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोपहुँदै गएपछि फागुपर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होरैयाहरु बताउँछन् ।



सामाजिक छुवाछूत, ठूला साना जात र भिन्नभिन्न धर्मसंस्कृति नभनी एकअर्कोलाई अङ्कमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोपहुँदै गएर पछिल्लो समय होलीमा 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएकोमा जानकारहरु बताउँछन् ।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवना मात्र नभइ होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन । मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होली गीत (जोगिरा) सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भङ्गाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबीर खेलेपछि होली पर्व सुरु हुने यहाँको परम्परा छ ।

जनकपुरधाम-१२ का सतीशलाल कर्ण भन्छन्, "होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार, पिरती तथा उन्मुक्ति थियो तर अब उताउलो गीत आएकाले होलीमा माधुर्य र प्रेमभाव मिसिएको गीत विरलै सुन्न पाइन्छ ।

"दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण मिथिलाका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर ती गीत भने अहिले लोप हुने अवस्थामा पुगेका छन् । ग्रामीण क्षेत्रमा कुनै-कुनै गाउँ घरमा मात्र यस्तो जोगिरा सुन्न पाइन्छ", धनुषाका पूर्वजिल्ला समन्वय समितिका सभापति ७५ वर्षीय रामदेव यादव बनरैतले भने ।

उनका अनुसार होलीको पौराणिकता अब हराउन थालेको छ । अहिले होली गीत गाउन छाडिएको छ । होलीको तर्क, दर्शन, मौलिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङकीर्णता छाएको उनको भनाइ छ । अहिलेको होली भोगवादी र सहरमुखी भएकाले यसको पौराणिकतासँग जोडिएको गीत पनि लोप हुँदै गएको उनको बुझाइ छ ।

पहिलेका बूढापाका रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगत रुपमा जोगिरा गाउने गरेको मुखियापट्टि मुसहरनियाका विनय यादव बताउँछन् । अधिकांश युवा कामका लागि विदेशीएकाले होली गीत गाउनेहरु पनि नभएको धनुषाधाम नगरपालिकाका पर्वताका ६५ वर्षीय जयकिशोर कर्णको तर्क छ ।

उनले भने, "अहिलेको होली प्रेम र सद्भावको नभएर वैमनस्यतापूर्णतामा पुगेको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखापरेकाले होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।"

परम्परागत होली गीतमा पाइने धार्मिक तथा सद्भाव भेट्न मुस्किल छ । अहिलेको होलीमा आधुनिक र पप गीतले स्थान लिएको छ । मिथिलाको सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्ध रुपमा ग्रामीण होलीको महत्व हुने भएकाले त्यस्ता गीत संरक्षण गर्नु आवश्यकता भइसकेको छ ।

यद्यपि केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद् (मिनाप)ले गाउँ गाउँबाट होरैयालाई झिकाएर जोगिरा प्रतियोगिता गराउँदै परम्परा जोगाउने प्रयासमा छ ।

पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु आफूलाई देवताभन्दा ठूलो ठान्थे । तर उनका छोरा प्रह्लाद भने भगवान् विष्णुका परमभक्त थिए । हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगोमा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन । सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रात होलिकाको दहन गर्ने चलन छ ।

# अन्तरपालिका क्रिकेट चैम्पियन लिग हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । नयाँ वर्ष २०८१ मा अन्तरपालिका क्रिकेट चैम्पियन लिग जनकपुरधाममा हुने भएको छ ।

जनकपुरधाममा बुधबार आयोजना गरिएको पत्रकार सम्मेलनमा जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्षसमेत रहेका युवा अम्भुप्रसाद साहले आउँदो २०८१ बैशाख १ गतेदेखि अन्तरपालिका क्रिकेट चैम्पियन सुरु हुने जनाएको छ ।

सो अन्तरपालिका क्रिकेट चैम्पियनमा सहभागी हुनका लागि देशव्यापीरुपमै हरेक पालिकालाई पत्रचार गरिएको भन्दै खेल आयोजक साहले सहभागी हुनका लागि आह्वान गरिएको बताए ।

सो क्रिकेट चैम्पियनमा पालिका-पालिका बीचमा खेल हुने उनले बताए । क्रिकेट खेलाडी अरविन्द प्रशान्तले सो खेलमा ३२ वटा पालिकालाई छनोट गरि सहभागी गराउने योजना रहेको बताए ।

सो लिगका लागि २८ लाख रुपैयाँभन्दा बढी लागत खर्च हुने अनुमान गरिएको छ । सो लिग एक महिनासम्म चल्ने छ भने यसका लागि सबै पक्षसंग सहयोग र समन्वयको आवश्यकता रहेको उनले बताए ।

# विद्यार्थीसँग बैंक कार्यक्रम




**टुडे समाचारदाता**

जनकपुरधाम । कृषि विकास बैंक लि. द्वारा धनुषाको यदुकुहामा विद्यार्थीसँग बैंक कार्यक्रम सञ्चालन गरिएको छ। बैंकको मधेश प्रदेश कार्यालय जनकपुरधामको आयोजनामा शहीदनगर न.पा.-३ स्थित श्री जनता एकता प्राविधिक माध्यमिक विद्यालयमा बुधवार विद्यार्थी सँग बैंक कार्यक्रम सञ्चालन गरिएको छ ।

ग्लोवल मनि वीकको अवसर पारेर बैंकद्वारा आयोजित कार्यक्रममा विद्यालयको कक्षा ११ र १२ मा अध्ययनरत्त व्यवस्थापन संकाय तर्फका विद्यार्थीहरु र सोही विद्यालयका शिक्षकहरुको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको कार्यालयका सूचना अधिकारी जयराम शर्माले जानकारी दिए । बैंकका मधेश प्रदेश निर्देशक तिलक प्रधानको अध्यक्षता रहेको उक्त कार्यक्रमको प्रमुख अतिथिको रुपमा बैंकका उपमहाप्रबन्धक डा.बाबुकाजी थापा रहेका थिए ।

करिब ९० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रदीप साह, व्यवस्थापन संकायका संयोजक गजेन्द्र यादव, बैंकका कर्मचारीहरु महेश साह, रामसेवक साह, संजीव यादव, स्थानीय अगुवा कृषक कन्हैया प्रसाद मुखिया लगायत विद्यालयका शिक्षकहरुको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रशिक्षण दिदैं उपमहाप्रबन्धक डा.थापाले बालबालिकाहरुले बेलैमा बचत गर्ने बानीको विकास, पुँजीको संकलन, रकमको सदुपयोग जस्ता विषयमा ध्यान दिनुपर्ने बताए । आर्थिक अवस्था सुदृढ गर्न घरमूली, परिवारको सदस्य सबैको भूमिका हुने भएको हुँदा आम्दानीको बढी अंश उत्पादनमूलक क्षेत्रमा खर्च लगाउनुपर्नेमा जोड दिए ।

सोही कार्यक्रममा प्रशिक्षण दिदै उपमहाप्रबन्धक डा.थापाले सहभागी विद्यार्थीहरुलाई बैंकिङ्ग प्रणाली, कृषि विकास बैंकमा उपलब्ध डिजिटल प्रोडक्टहरु, पैसा राख्ने तरिका, सफा नोट जस्ता विषयमा जानकारी गराए । कार्यक्रमको अन्त्य तिर सञ्चालित अन्तरक्रियात्मक कक्षाका क्रममा सहभागी विद्यार्थीहरुबाट कृषि विकास बैंक तथा डिजिटल प्रोडक्ट सम्बन्धमा व्यक्त भएका विभिन्न जिज्ञासाहरुको विषयमा जवाफ पनि उनले दिए ।

बचत, बचतको सदुपयोग, पैसाको सुरक्षा, डिजिटल प्रोडक्टका विशेषताहरु विषयमा छोटो समयमा सहज तरिकाले जानकारी पाईएको हुँदा कार्यक्रम निकै उपलब्धिमूलक भएको सहभागी मध्ये कक्षा ११ की छात्रा पूनम यादवले बताए । त्यस्तै यस्ता कार्यक्रम समय समयमा आयोजना भए हामी व्यवस्थापन संकायका विद्यार्थीहरुलाई निकै फाइदा हुने भन्दै यदुकुहामा कार्यक्रम आयोजना भएकोमा अर्का विद्यार्थी गंगा यादवले खुशी व्यक्त गरिन् ।

विश्व बैंकको आह्वानमा यस वर्ष मार्च १८ देखि मार्च २४ लाई 'प्रोटेक्ट योर मनि, प्रोटेक्ट योर फ्यिुचर' नारा सहित ग्लोवल मनि वीक को रुपमा मनाइदैछ । कार्यक्रममा समापन मन्तव्य राख्दै निर्देशक प्रधानले कृषि विकास बैंकले समय समयमा यस्तो वित्तीय साक्षरताका कार्यक्रमहरु आयोजना गरिरहने बताए ।

"सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक" का रुपमा परिचित कृषि विकास बैंक लि, ग्रामीण जनताको पहिलो रोजाईको बैंक रहेको दाबी समेत उनले गरे ।

# अपायक ठाउँमा परीक्षा केन्द्र तोकेपछि विरोध प्रदर्शन

**टुडे समाचारदाता**

सिरहा । माध्यमिक शिक्षा परीक्षा (एसइई) विद्यालयबाट २० किलोमिटर टाढा अपायक पर्ने ठाउँमा परीक्षा केन्द्र तोकिएपछि सखुवानन्कारकट्टी गाउँपालिका-श्री माध्यमिक विद्यालयका विद्यार्थीहरू विरोधमा उत्रिएका छन् । विद्यार्थीहरू विरोधमा उत्रेको एक घण्टापछि जिल्ला प्रशासन कार्यालय सिरहाले समस्या समाधानको लागि छलफल अघि बढाएको छ ।



"एक सय दुई जना विद्यार्थीहरूमा ७५ जना छात्रा छन् । कसरी दिनहुँ २० किलोमिटर टाढा परीक्षा दिन जाने, अप्ठ्यारो परि स्थिति सृजना भएपछि चक्काजाम र आन्दोलनमा उत्रेका छौं", एसइई परीक्षामा सहभागी हुने छात्रा पूजा मुखमा अपायक पर्ने विद्यालयमा परीक्षा केन्द्र तोकेपछि पढाई छाडेर आन्दोलन गर्नु परेको छ", पूजा यादवसँगै विरोध प्रदर्शनमा उत्रेका विद्यार्थीहरूले भने ।

कक्षा-८ का विद्यार्थीहरूले गणित विषयको परीक्षा सडकमै दिएर विरोध जनाएको दृश्यहरू देखेर विद्यार्थीका अभिभावकहरू समेत परिहारपुर चोकमा आन्दोलनलाई

> विद्यार्थीहरूले चक्काजाम गरेपछि जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख प्रजिअ वासुदेव दाहालले विद्यार्थी र अभिभाभावकहरुको समस्या बुझ्न पाँच जना प्रतिनिधि झिकाई समस्या समाधानको लागि भरपर्दो विकल्पमा छलफल भइरहेको बताए ।

यादवले भने, "हामी अधिकांश छात्राहरू गरिब किसान परिवारका छौं, हामीसँग टाढा परीक्षा केन्द्रसम्म जान सवारी साधन छैन ।"


"विगतका वर्षमा यस विद्यालयको परीक्षा केन्द्र सखुवानन्कारकट्टी-२ श्री मनेलाल जनता माध्यमिक विद्यालयमा हुँदा घरैबाट भ्याउँथ्यो । परीक्षाको साथ दिन बसेका थिए । अभिभावक सुमेश कुमार यादवले भने, "यत्रो टाढा परीक्षा केन्द्र किन र कुन नियतले गरेको हो यसबारे सम्बन्धित सरोकारवालाहरूले जवाफ नदिएसम्म र परीक्षा केन्द्र पायक पर्ने विद्यालयमा दिएन भने विद्यार्थीहरूलाई परीक्षाको तयारीमा लगाएरहामीअभिभावकहरूआन्दोलन गरिरहने छौं ।

२० किलोमिटर अपायक पर्ने ठाउँमा परीक्षा केन्द्र तोक्नुको कारण सेन्टर सेटिङगको लागि लेनदेन हो । विगतका वर्षमा पनि यस्तो हुन्थ्यो । यस वर्ष त प्रस्ट नै भयो । रकम दिएका विद्यालयहरूलाई रोजी रोजी परीक्षा केन्द्र दिएको छ । यसको छानबिन हुनु आवश्यक छ ।"

सखुवानन्कारकट्टी गाउँपालिका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादवका अनुसार नसोचेको ठाउँमा परीक्षा केन्द्र किन गरियो हामी पनि चिन्तित भएको भन्दै शिक्षा विकास समन्वय इकाई सिरहाले यस विषयमा हामीहरूसँग पनि कुनै सल्लाह नगरेको बताए ।

विद्यार्थीहरूले चक्काजाम गरेपछि जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख प्रजिअ वासुदेव दाहालले विद्यार्थी र अभिभावकहरुको समस्या बुझ्न पाँच जना प्रतिनिधि झिकाई समस्या समाधानको लागि भरपर्दो विकल्पमा छलफल भइरहेको बताए ।

प्रजिअ दाहालले जिल्ला बोलाएपछि हाल विद्यार्थीहरूलाई चित्त बुझाई आन्दोलन स्थगित गराएर छलफलको लागि जिल्लातर्फ लागेको श्री माध्यमिक विद्यालयका प्रधानाध्यापक घुरन यादवले बताए ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रतिबद्धता कार्यान्वयन हुनुपर्छ

पाँच दलीय सत्ता गठबन्धनले सार्वजनिक गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्छ । गठबन्धनले जारी गरेको प्रतिबद्धता अत्यन्त सकारात्मक रहेको छ । देशको आर्थिक अवस्थाको सुधार, छरितो सेवा, सुशासन, भ्रष्टाचार शून्य सहनशीलता लगायतका विषयहरुलाई गठबन्धनले प्रतिबद्धतामा समेटेको छ । देशमा कयौं वर्षदेखि कुनै एक दलको सरकार बनेको छैन् । संयुक्त सरकारको कारण राजनीतिक अस्थिरता देखिएकोछ। पाँच वर्षमा पटक पटक सरकार फेरिने क्रमले देशमा अनेकौ विकृतिहरु बढेका छन् । त्यसलाई हटाउन गठबन्धनले प्रतिबद्धता जनाएको छ । दलीय गठबन्धनकै नेताहरुको कारण देशमा भ्रष्टाचार अत्यधिक बढेको छ । देशका शीर्ष नेताहरु नै भ्रष्टाचार, तस्करी लगायतका विकृतिहरुमा संलग्न देखिएका छन् । देशमा दलगत भ्रष्टाचार मौलाएकोछ। तस्करीमा शीर्ष नेताहरुको संलग्नताले देशको आर्थिक अवस्था कमजोर भएको छ। मानव तस्करीमा पनि नेताहरुको संलग्नता छ। भुटानी शरणार्थीहरुलाई अमेरिका पठाउनेमा पनि शीर्ष नेताहरुको संलग्नता देखिएकोछ। नेपालमा विकासको प्रचुर सम्भावना रहेको छ। विकासका लागि वैदेशिक सहायता पनि पर्याप्त आउने गरेको छ । तर त्यसको चरम दुरुपयोग भइरहेको छ । नेपालमा नेताहरु प्रतिबद्ध भए संसारकै सम्पन्न राष्ट्र बन्न सक्छ । सत्तासीन दलहरुले गरेको प्रतिबद्धता कार्यान्वयन भए देशमा सुशासन कायम हुन सक्छ । सुशासन कायम गर्न सत्तारुढ गठबन्धनले व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन इमान्दारीपूर्वक हुनुपर्छ। विगतमा पनि यस प्रकारका प्रतिबद्धताहरु व्यक्त नगरिएको होइन् । तर त्यो कागजमा सीमित नै रहँदा देश आजको अवस्थामा पुगेको छ। देशमा कुनै दलका नेता भ्रष्टाचार, तस्करी लगायतका आपराधिक कृयाकलापमा संलग्न नभएका छैनन् । भ्रष्टाचार, सुशासनको विषयमा जति वखान गरिए पनि इमान्दारी नभए त्यो निरर्थक हुन्छ। पछिल्लो पटक भ्रष्टाचार, तस्करी लगायतका आपराधिक सञ्जालहरुमा ठूला नेताहरुको संलग्नता देखिनु दूर्भाग्यपूर्ण हो । देशका शीर्ष नेताहरुकै संलग्नतामा आपराधिक कृयाकलाप भइरहेकाले त्यसको नियन्त्रण सहज छैन् । सत्ता गठबन्धनको प्रतिबद्धताले देशमा आमूल परिवर्तन हुन सक्छ। तर त्यसमा गठबन्धन दलका नेताहरुकोइमान्दार हुनुपर्छ । विदेशीले बिगारेको आरोप लाग्नु भन्दा स्वयं नै देश बनाउने अभियानमा लाग्नु आवश्यक छ। देश निर्माणमा दलगत स्वार्थलाई त्याग्नु पर्छ । हालको गठबन्धनले निरन्तरता पाउने नपाउने अझै अनिश्चित छ। देशमा राजनीतिक अन्योलता अझै हटेको छैन् । देशमा राजनीतिक अन्योलता रहेसम्म विकास संभव छैन् ।दलहरुले जति पटक प्रतिबद्धता व्यक्त गरे पनि त्यसको इमान्दारीपूर्वक कार्यान्वयन नभए सम्म देशले निकास पाउने छैन् ।

# जलवायु परिवर्तन र भूजलमा आधारित खेतीमा यसको प्रभाव।



डा केदार कार्की

आफ्नो कृषि प्रणालीको दिगोपनलाई विश्वव्यापी महत्व दिँदै नेपाल विश्वको खाद्य उत्पादकहरूमध्ये एक हो। यसको कृषि परिदृश्य विविध छ र धान, गहुँ, उखु, कपास, फलफूल र तरकारीहरू सहित विभिन्न प्रकारका बालीहरू उत्पादन गर्दछ। देशको कृषि क्षेत्रले यसको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्छ र लाखौं मानिसहरूलाई जीविका प्रदान गर्दछ। भूजल सिँचाइ नेपालको कृषिको आधार हो, जसले बाली उत्पादन बढाउँदै हाल १ करोड ७० लाख मानिसलाई खुवाउँछ।

भूजल खेती, जसलाई भूजल-निर्भर कृषि पनि भनिन्छ, विश्वव्यापी रूपमा खाद्य उत्पादनको एक महत्त्वपूर्ण आधारशिला प्रतिनिधित्व गर्दछ, विशेष गरी क्षेत्रहरूमा जहाँ लगातार सतही पानीका स्रोतहरू कम छन्। यो अभ्यास बाली सिँचाइ, पशुपालन, र कृषि इकोसिस्टम समर्थन गर्न भूमिगत पानी निकासी मा निर्भर गर्दछ। भूमिगत पानी पृथ्वीको सतह मुनि जलचरहरूमा भण्डार गरिएको छ, जसले जीवन-दिगो आर्द्रताको भण्डारको रूपमा काम गर्दछ। यस स्रोतको प्रभावकारी प्रयोगले किसानहरूलाई अनियमित वर्षाको ढाँचा र लामो खडेरीको प्रभावलाई कम गर्न अनुमति दिएको छ, थप स्थिर खाद्य आपूर्ति सुनिश्चित गर्न।

सरकारी प्रतिवेदनअनुसार नेपालको करिब ९० प्रतिशत जमिनको पानी कृषिमा प्रयोग हुने गरेको छ । यद्यपि, जलवायु परिवर्तनले भूजलमा निर्भर खेतीका लागि चुनौतीहरूको नयाँ युगको सुरुवात गरेको छ, जसले देशको कृषि अभ्यासहरूको गतिशीलतालाई गहिरो रूपमा परिवर्तन गरेको छ। बदलिँदो वर्षाको ढाँचा, बढ्दो तापक्रम र घट्दो पानीको स्तरले गर्दा यस वातावरणीय परिवर्तनको नतिजा सिँचाइका लागि भूमिगत पानीमा निर्भर रहेका लाखौं किसानहरूले तीव्र रूपमा महसुस गरेका छन्। यस सन्दर्भमा, भूजल खेतीका जटिलताहरू र जलवायु परिवर्तनको संवेदनशीलता बुझ्न भविष्यको लचिलो कृषि प्रणालीलाई आकार दिन महत्त्वपूर्ण छ।

**जलवायु परिवर्तन र भूजल ह्रास**ः

जलवायु परिवर्तनको ढाँचाले विश्वभर भू-जल घटाउनमा महत्त्वपूर्ण भूमिका खेल्छ। ग्लोबल वार्मिङका कारण तापक्रम निरन्तर बढ्दै जाँदा वाष्पीकरण दर बढेका कारण जलस्रोतको माग बढ्दै गएको छ । थप रूपमा, बदलिएको वर्षा ढाँचा, अक्सर अनियमित वर्षा र लामो खडेरी द्वारा विशेषता, जलचर को प्राकृतिक पुनःपूर्तिमा बाधा पुर्याउँछ। बढ्दो माग र कम आपूर्तिको यो दोहोरो प्रहारले भूजल भण्डारमा ठूलो दबाब दिन्छ। सिँचाइका लागि जमिनमुनिको पानीमा धेरै निर्भर हुने क्षेत्रहरूमा यसको परिणाम गम्भीर हुन्छ। जमिनको पानीको स्तर घट्दै गएको छ, जसले अत्यधिक दोहन र जलचरहरूलाई अपूरणीय क्षति पुर्याउने सम्भावना छ। यो गिरावटले किसानहरूलाई पानीको अभावको चपेटामा परेको छ, उनीहरूको भरपर्दो बाली खेती गर्ने क्षमतामा बाधा पुगेको छ। साना कृषकहरू, जो प्रायः वैकल्पिक पानीका स्रोतहरूको अभावमा सबैभन्दा ठूलो जोखिमको सामना गर्छन्। जति भूमिगत पानी दुर्लभ बन्दै गएको छ र त्यसमा पहुँच महँगो हुँदै गएको छ, कृषि अभ्यासहरू अनुकूलन गर्न बाध्य छन्। यस नयाँ वास्तविकतामा कृषि उत्पादकत्व कायम राख्न जलवायु-उत्थानशील बाली प्रजातिहरू र प्रभावकारी सिँचाइ विधिहरू आवश्यक बन्दै गएका छन्।

**भूमिगत पानीको कमीले खेतीमा पार्ने असर** :

साना किसानहरू, जो धेरै कृषि समुदायहरूको मेरुदण्ड हुन्, जलवायु परिवर्तन र भूजल ह्रास लगायतका कारकहरूको संगमको कारणले आफैंलाई अनिश्चित अवस्थामा पाउँछन्। यी किसानहरूसँग सामान्यतया सीमित स्रोतहरू हुन्छन् र तिनीहरू आफ्नो जीविकोपार्जनको लागि वर्षामा आधारित वा भूजलमा निर्भर कृषिमा निर्भर हुन्छन्। जलवायु परिवर्तनले वर्षाको ढाँचामा बाधा पुर्याउने र लामो खडेरीको कारणले गर्दा उनीहरूले बढ्दो जोखिमको सामना गर्छन्। सिँचाइको लागि भूमिगत पानीको पहुँचको आवश्यकताले पहिले नै तनावग्रस्त व्यक्ति र समुदायहरूमा थप दबाब दिन्छ। पानीको स्तर घट्नुको अर्थ पम्पिङ लागतमा वृद्धि हुनु हो, जसले तिनीहरूको आर्थिक व्यवहार्यतालाई खतरामा पार्छ। मामिलाहरूलाई थप जटिल बनाउन, अनियमित मौसम अवस्थाले बाली उत्पादन अनिश्चित बनाउन सक्छ, वित्तीय जोखिमहरू सिर्जना गर्न सक्छ।

नेपाली कृषि सिँचाइका लागि जमिनको पानीमा धेरै निर्भर हुन्छ, विशेषगरी सुख्खा मौसममा। अभावले बालीका लागि पानीको उपलब्धता घटाउँछ, उत्पादनमा असर पार्छ र बाली असफल हुने सम्भावना हुन्छ। भूमिगत पानीको उपलब्धताको कारण, किसानहरूले विविध बालीहरूको सट्टा पानी सघन बालीहरू रोज्न सक्छन्। यसले बाली विविधताको कमी, कीराहरू विरुद्ध लचकता कम गर्न र बजारको मागमा परिवर्तन ल्याउन सक्छ। अभावका कारण पानीको सतह घट्दै गएपछि किसानहरू गहिरो इनार खन्न बाध्य छन् । यसमा उच्च लागत र ऊर्जा खपत समावेश छ, जसले साना किसानहरूलाई प्रतिकूल असर पार्छ। अत्यधिक शोषणले तटीय क्षेत्रहरूमा ताजा पानीको जलचरहरूमा नुन पानी घुसाउन सक्छ, जसले पानीलाई सिँचाइको लागि अनुपयुक्त बनाउँछ। खेती गर्ने समुदायहरूले बाली उत्पादनमा कमी, बढ्दो पम्पिंग लागत र पानीको उपलब्धतामा परिवर्तनको आवश्यकताको कारणले आर्थिक नोक्सानको सामना गर्दछ। ह्रासले पारिस्थितिक प्रणालीलाई असर गर्छ र जमिन घटाउन सक्छ, पूर्वाधारमा असर गर्छ र समयसँगै कृषि भूमिलाई कम उत्पादनशील बनाउन सक्छ। जनसङ्ख्या निरन्तर बढ्दै जाँदा, भूमिगत पानीको कमीले बाली उत्पादनलाई असर गर्दा खाद्य सुरक्षा सुनिश्चित गर्नु अझ चुनौतीपूर्ण हुन्छ। भूमिगत पानीको दिगो व्यवस्थापनका लागि प्रभावकारी नीति, अनुगमन र कार्यान्वयन आवश्यक छ। भूजलको जटिल स्वामित्व र प्रयोग ढाँचाका कारण यो प्रायः चुनौतीपूर्ण हुन्छ।

खेतीमा भूमिगत पानीको कमीको प्रभावलाई कम गर्न सम्भावित समाधान र रणनीतिहरूः

जलवायु परिवर्तनका कारण कृषिमा पर्ने भूजल ह्रासको प्रभावलाई न्यूनीकरण गर्न व्यापक समाधान र रणनीतिको आवश्यकता छ ।

- जलवायु प्रतिरोधी बाली प्रजातिहरूः
  जलवायु परिवर्तनका लागि बढी लचिलो र कम पानी चाहिने बाली प्रजातिहरू सिर्जना गर्न अनुसन्धान र विकासमा लगानी गर्नुहोस्।
- सुख्खा जमिन खेती प्रवर्द्धनः
  सिँचाइमा कम र वर्षामा आधारित कृषिमा बढी भर पर्ने सुख्खा भूमि खेती प्रविधिहरू अपनाउन प्रोत्साहन गर्नुहोस्।
- राम्रो सिंचाई अभ्यासहरूः
  पानीको बर्बादी कम गर्न ड्रिप र स्प्रिंकलर प्रणाली जस्ता कुशल सिंचाई विधिहरू प्रवर्द्धन गर्नुहोस्।
- मौसम पूर्वानुमान र सल्लाहकार सेवाहरूः
  किसानहरूलाई उनीहरूको रोपण र सिँचाइ कार्यक्रम प्रभावकारी रूपमा योजना बनाउन मद्दत गर्नको लागि सही मौसम पूर्वानुमान र सल्लाह प्रदान गर्नुहोस्।
- वर्षाको पानी संकलनः
  मनसुन सिजनमा भूमिगत पानी रिचार्ज गर्न व्यक्तिगत र सामुदायिक दुवै तहमा वर्षाको पानी संकलनलाई प्रवर्द्धन गर्ने।
- फसल परिक्रमा र विविधीकरणः
  अत्यधिक सिँचाइ आवश्यक पर्ने विशेष बालीहरूमा दबाब कम गर्न किसानहरूलाई बाली घुमाउन र तिनीहरूको रोपण विविधीकरण गर्न प्रोत्साहित गर्नुहोस्।
- भूमिगत पानी रिचार्जः
  जलचरहरू पुनःपूर्ति गर्नको लागि रिचार्ज पिट्स र चेक ड्यामहरू निर्माण जस्ता कृत्रिम भूजल रिचार्ज परियोजनाहरूमा लगानी गर्नुहोस्।
- शिक्षा र तालिमः
  दिगो कृषि अभ्यास र पानी व्यवस्थापन सम्बन्धी कृषकहरूलाई सचेतना कार्यक्रम र तालिमको आयोजना गर्ने ।
- पानी उपयोग दक्षताः
  कृषिमा पानीको उपयोग दक्षता सुधार गर्न नियम र प्रोत्साहनहरू बनाउनुहोस्।
- डिजिटल कृषिः
  वास्तविक-समय डाटामा आधारित सिंचाई र खेती अभ्यासहरू अनुकूलन गर्न प्रविधि र डिजिटल उपकरणहरूको प्रयोगलाई बढावा दिन।
- समुदायमा आधारित व्यवस्थापनः
  स्वामित्व र जिम्मेवारीको भावनालाई प्रवर्द्धन गर्दै भूजल स्रोतको व्यवस्थापनमा स्थानीय समुदायहरूलाई संलग्न गराउने।
- वृक्षारोपणः
  रूखहरू रोप्नु र वन क्षेत्र बढाउनुले वाष्पीकरण कम गर्न र भूमिगत पानी प्रतिधारण सुधार गर्न मद्दत गर्न सक्छ।
- सरकारी नीतिहरुः
  भूमिगत पानीको जिम्मेवार प्रयोगलाई प्रोत्साहन गर्ने र अत्यधिक दोहनलाई दण्डित गर्ने नीतिहरू सिर्जना र लागू गर्नुहोस्।
- सुख्खा तयारीः
  खडेरीको समयमा जलस्रोत व्यवस्थापन गर्न क्षेत्रीय र स्थानीय तहको खडेरी पूर्वतयारी योजनाहरू विकास गर्ने।
- अर्गानिक खेती प्रवर्द्धनः
  जैविक खेती गर्ने अभ्यासहरूले सामान्यतया कम पानी प्रयोग गर्दछ र माटोको स्वास्थ्य सुधार गर्दछ, तिनीहरूलाई जलवायु परिवर्तनको लागि थप लचिलो बनाउँछ।
- अनुसन्धान र नवीनताः
  बदलिँदो वर्षाको ढाँचाको पूर्वानुमान गर्न जलवायु अनुसन्धानमा लगानी गर्नुहोस् र तदनुसार अनुकूली रणनीतिहरू विकास गर्नुहोस्।
- आर्थिक सहयोगः
  कृषकहरूलाई पानी दक्ष प्रविधि र अभ्यासहरू अवलम्बन गर्न अनुदान र आर्थिक प्रोत्साहन प्रदान गर्ने।
- अन्तर्राष्ट्रिय सहयोगः
  छिमेकी राष्ट्रहरूसँग पानी बाँडफाँड सम्झौता र क्षेत्रीय जलवायु अनुकूलन रणनीतिहरूमा सहकार्य गर्नुहोस्।
- अनुगमन र डाटा सङ्कलनः
  भूमिगत पानीको स्तर, पानीको गुणस्तर र उपयोग ढाँचालाई सही रूपमा ट्र्याक गर्न बलियो अनुगमन प्रणाली स्थापना गर्नुहोस्।
- जन चेतनाः
  दिगो पानी व्यवस्थापनको महत्त्व र जलस्रोतको संरक्षणमा व्यक्तिहरूको भूमिकाबारे जनतालाई शिक्षित गर्नुहोस्। यी समाधानहरू र रणनीतिहरूलाई सामूहिक रूपमा लागू गर्नाले देशमा कृषिको दीर्घकालीन दिगोपन सुनिश्चित गर्दै जलवायु परिवर्तनका कारण खेतीमा भूजल ह्रासको असरलाई कम गर्न मद्दत गर्न सक्छ।

जलवायु परिवर्तन नेपालको भूजलमा निर्भर कृषिको लागि गम्भीर खतरा हो। तापक्रम बढ्दै जाँदा र वर्षाको ढाँचा बढ्दो रूपमा अनियमित हुँदै जाँदा, सिँचाइको लागि भूमिगत पानीमा निर्भरता बढेको छ, जसले जलचरहरूको निरन्तर कमीलाई निम्त्याउँछ। यो अति शोषणले लाखौं किसानको जीविकोपार्जनमा मात्रै नभई खानेपानीको समस्यालाई पनि बढाउँछानेपालको कृषि भविष्य सुरक्षित गर्न बहुआयामिक दृष्टिकोण अपनाउनुपर्छ । यसमा जल-दक्ष प्रविधिको प्रवर्द्धन, बाली विविधीकरण, वर्षाको पानी संकलन र बलियो भूजल व्यवस्थापन नीतिहरू समावेश हुनुपर्छ।थप रूपमा, भूजल स्रोतहरूमा दबाब कम गर्न र अनिश्चित जलवायु भविष्यको सामनामा कृषिको लचिलोपन सुनिश्चित गर्न जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने विश्वव्यापी प्रतिबद्धता महत्त्वपूर्ण छ।लेखक कार्की वरिष्ठ पशु चिकित्सक हुनुहुन्छ ।

# हराउँदै चाडपर्व विशेषका लोक परम्परा

गोपालप्रसाद बराल

वसन्त पञ्चमी बितेको पनि एक महिना नाघ्यो । तर मधेशका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा कतै फागु गीतको रौनक छैन । वसन्तपञ्चमीसँगै फागुन पूर्णिमासम्म बस्तीबस्तीमा गाइने फागु (होरी) गीत सुन्न छाडिएको छ । साँझको खानपिन सकेपछि टोलटोलका बजनिया (बाजा बजाउने, झ्याली, मृदङ्ग, डम्फू, हारमोनियम, ढोलक आदि) र गवैयाका समूह एक ठाउँ भेला भई झ्याली, डम्फू र मृदङ्गो तालमा गाइने होरी गीतको शृङ्गारिक भाव सम्झेर महोत्तरीको भङ्गाहा-४ रामनगरका ७२ वर्षीय राजदेव महतो अहिले पनि रोमाञ्चित हुनुहुन्छ । “वसन्तपञ्चमी सकेपछि मिथिलामा वसन्तोत्सव सुरु हुन्थ्यो, टोलटोलमा समूहमा गाइने होरी गीत सुनेर ओछ्यानमा पल्टेका पनि लय भर्थे” महतो भन्नुहुन्छ, “करिब डेढमहिना (वसन्त पञ्चमीदेखि फागुन पूर्णिमासम्म) फागु गीतले रौनक छाउथ्यो, अब ती दिन कथाजस्तै भए ।” टोलटोल बस्तीबस्तीमा प्रत्येक रात झ्याली, मृदङ्ग र डम्फूको तालमा गुञ्जने होरी गीत सुन्न छाएिपछि पर्वको रौनकता हराएको महतोको भनाइ छ ।

वसन्त पञ्चमीदेखि फागुपूर्णिमासम्मको अवधि परम्परागतखेती (धान, गहुँ, तेलहन, दलहन)बाट फुर्सतजस्तो हुने हुँदा यसबीच वैवाहिक सम्बन्धका लागि चर्चा र आफन्तजनसँगको भेटघाट परिवारका मूलिले गर्ने पुरानो चलन पाका मैथिल सम्झन्छन् । “श्रीपञ्चमी वसन्तपञ्चमी, माघ शुक्ल पञ्चमी) देखि फागुपूर्णिमाबीच घरमा आइपुग्ने सम्धी/भिनाजु र दौतेरीको स्वागत शीतल जल (पानी) ले हातगोडा धोएपछि अबिरले गरिन्थ्यो” पहिलेको यो चलन सम्झदै गौशाला-९ भरतपुरका ६५ वर्षीय शिवशरण राय भन्नुहुन्छ, “अब ती रीतिथिति हराए ।” रामायण, महाभारतलगायत पौराणिक ग्रन्थका कथा सामग्रीका ठाउँठाउँका रमाइला प्रसङ्गमा रोमाञ्चकता भरेर लयमा गाइने फागुगीत अब सम्झाउने पनि भेटिन छाडेका छन् । हिन्दूका आराध्यदेव सदाशिव र देवी पार्वतीसँगका प्रसङ्ग हुन् कि श्रीराम र सीताजी वा राधाकृष्णबीचका प्रेम प्रसङ्गसँगका मनोरञ्जक कथाका टुक्का हुन् । फागुगीतका लयमा बाधिएर यी कथाले दिने सन्देश र मनोरञ्जन अब एकादेशका कथाजस्तै भएका गौशाला-१० बटुवाका ७० वर्षीय लक्ष्मीप्रसाद कुशवाहा बताउनुहुन्छ ।

*‘राधासँग कृष्ण खेलत होरी....*
*ग्वालबालसँग कृष्ण कन्हैया, सुन्दर रङ भरी झोरी ,*
*बाजत, आवत झाल मृदङ्ग सब, सब जन आवत रस बोरी ।*
*गिरिधर दास गाओल बालसँग,*
*युग–युग जीबओ यह जोरी*
*कृष्णसँग राधा गोरी ॥’*

(अर्थात् राधासँग श्रीकृष्ण फागु खेल्छन्, समस्त आफ्ना ग्वाल बालसखासँग कृष्ण राम्रा झोला (थैला) मा रङ्ग भर्छन् । गिरिधर अर्थात् श्रीकृष्णका सखा श्रीकृष्ण र राधाको जोडी सधैँसधैँ युगयुगसम्म रहोस् भन्ने कामना गर्छन्) यतिमात्र होइन, रामसीतासँग जोडिएका फागुगीत पनि रसपूर्ण छन् ।‘किनकाके हात कनक पिचकारी, किनकाके हात अबिर झोरी ?हो.., रामजीक हाथमें कनक पिचकारी, सीयाजीक हाथ अबिर झोरी...! हो, खेलैय होरी ।’(अर्थात् कसको हातमा रङ् भरिएको सुनौला पिचकारी (रङ् खेल्न प्रयोग गरिने खेलौना) छ ? अबिरको झोला कोसँग छ ? गीतमै यस्ता प्रश्न उभ्याएर गीतमै रामजीका हातमा सुनौला पिचकारी र सीताजीका हातमा अबिरको झोला छ ।

अब होरी खेलिन्छ) भावका उत्तर दिइन्छन् । राधा-कृष्ण, शिव-पार्वती र सीता-रामबीचका फागु खेलका रमाइला प्रसङ्ग जोडिएका फागु गीतमा मिथिलामा नातानाताबीच हुने ठट्टा, परिहास र होरिखेलको रोमाञ्चक टुक्का पनि जोडिन्छन् । मिथिलामा सालासाली र भिनाजु, सोल्टासोल्टी र सरोजनी (साला वा जेठानका पत्नी)बीच फागु (होरी, होली) पर्वमा जमेर रङ् अबिरको छ्यापाछ्याप चल्छ । फागु गीतका बाजा र यिनको स्वर सुन्नासाथ मन विकल बनाएका व्यक्ति पनि एकचोटी पुलकित हुन्छन् । फागु गीतमा ईश्वरप्रतिको भक्ति, परम्पराको अनुशरण मात्र नभएर शृङ्गारिक भाव पनि हुने हुँदा राति सुत्ने तर्खरमा लागेका पनि झ्याली, मृदङ्ग र डम्फूको तालमा गाइने फागुगीत सुनेपछि रोमाञ्चित हुन्छन् ।

‘परदेशिया लै अङना निपाबे गोरिया... जब परदेसिया नगरबीच आयल, लाले लाल पुआ पकाबे गोरिया ।जब परदेसिया दअरेबीच आयल, लाल-रङ्ग चदरा ओछाबे गोरिया । जब परदेसिया पलंगपर बैसल, रङ्ग अबिर उडाबे गोरिया ॥’(अर्थात् परदेशबाट उनी आउने भनेपछि नवयौवना घर लिपपोत गर्छिन्, उनी (परदेशी) बस्तीमा आइपुगेपछि मालपुआ (फागुपर्वमा खाइने मिष्टान्न परिकार) पकाउछिन्, आँगनमा आएपछि आफ्नै रङ्गीन पछ्यौरा ओछ्याउँछिन्, उनी पलङमा बसेपछि रङ्ग अबिर उडाउँछिन्) । यतिमात्र होइन, होरी गवैयाले गाउने गीतमा उमेर चढ्दै गरेकी नवयौवनाका अङ्गअङ्गो वर्णन, चालढाल र रुपको वर्णन गर्दै फागु (होरी) खेल्न गरिने आमन्त्रण पनि हुन्छ । यसमा प्रचुर शृङरिकता भए पनि सम्बन्धबीचको मर्यादा र अनुशासनको पूर्णपालनाले उच्छृ‌ङ्खलताले ठाउँ नपाउने प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ । यस्ता वसन्त पञ्चमीसँगै प्रत्येक रात गुञ्जने होरी गीत पछिल्ला वर्षम फागुपूर्णिमाका दिन कतैकतै सुनिए पनि त्यसअघि (फागु पूर्णिमाअघि वसन्तपञ्चमी मनाइएपछिको अवधिबीच) सुनिन छाडेका छन् । बरु अचेल केही वर्षयता त कर्कश स्वरका डिजेबाजा, मद्यपानले सुर गुमाएका जमात र छाडा गीतको बोलबाला देखिने, सुनिने गरिएको पाका मैथिल चिन्ता व्यक्त गर्छन् ।

वसन्त उत्सवको फागु गीत मात्र नभएर मिथिला लोक परम्पराका अभिन्न अङ्ग रहेका थुप्रै रीतिथिति मेटिदै हराउँदै गएका छन् । वसन्त पञ्चमीकै दिन कृषि श्रमिक, कृषि ज्यावल मर्मत गर्ने लोहरको वरण गर्ने मैथिल परम्परा अब यस्ता मान्छे नयाँ पुस्तामा पाइन छाडेपछि हराउँदै गएका छन् । यसैगरी हलोगोरु पूजा गर्ने र विधिकै लागि भए पनि केही मोड हलो जोत्ने वसन्त पञ्चमी परम्परा अब देखिन छाडेको भङ्गाहा-४ रामनगरका ८५ वर्षीय सीयाराम महतो बताउनुहुन्छ । “बाबु, पुराना हाम्रा चाडपर्वका परम्परा सबै हराए, अब हामी कुन संस्कृति परम्पराले चिनिने ?” महतोले चिन्ता व्यक्त गर्दै भन्नुभयो । वसन्तपञ्चमी, त्यसपछिको फागु गीत परम्परा मात्र हैन मिथिलामा नयाँवर्ष (वैशाख सङ्क्रान्ति) सँग जोडेर मनाइने जुडशीतल पर्वमा रुखबिरुवामा पानी सेचन गर्ने, खेतबारी डुल्ने पुरानो चलन हो । अबका नयाँ पुस्ताले यी चलनमा चासो नै राख्न छाडेका एकडारा गाउँपालिकाको भटौलिया बस्तीका ६५ वर्षीय विजयलाल कर्ण बताउनुहुन्छ । यसैगरी दसैं (शारदीय नवरात्र) लागेपछि प्रत्येक दिन साँझपख बस्तीमा बज्ने ‘ढोल’ बज्न छाडेको एक दशकभन्दा बढी भइसकेको कर्णको भनाइ छ “हेर्नोस् न, अब त चाडपर्व आएको थाहै पाइँदैन, दसैंमा न ढोल बज्छ, न प्रत्येक रात झिझिया नृत्य” कर्ण भन्नुहुन्छ, “अहिले राजनीतिक वृत्तमा पहिचान शब्द खुब सुनिन्छ, सबै रीतिथिति, परम्परा हराउँदै गएपछि के हुन्छ हाम्रो मौलिक पहिचान ? कसरी चिनिने मैथिल ?” खासमा नयाँ पुस्ता विदेशिने क्रमले पुरानो पुस्ताका लोकपरम्पराको देखासिकी हुन नसकेको पनि एउटा कारण हुनसक्ने कर्णको अड्कल छ ।

तिहार (दीपावली, मिथिलामा दियाबाती पनि भनिन्छ) मा रङ्गीविरङ्गी दाम्ला बाट्ने, गाईगोरु रङ्गाएर टिलिक्क पार्ने आम चलन थियो । तर पछिल्ला केही वर्षयता जोत्ने गोरु किसानका गोठमा देखिन छाडेका छन् । “अरु छिमेकका के कुरा गर्नु ? मेरै गोठमा १० वर्ष पहिलेसम्म तीन हल गोरु थिए, अहिले गोठ रित्तो छ” बर्दिबास-७ प्रेमनगरका उत्तिम महतो भन्नुहुन्छ,“गुहाली (गोठघर) रित्तो छ, न गाई छन्, न गोरु ।” करिब तीन सय घरको प्रेमनगर बस्तीमा अहिले गोरु पाल्ने किसान मुस्किलले एक/दुई भेटिनसक्ने उहाँको भनाइ छ । उत्तिम भन्नुहुन्छ, “न गोरु, न हलोफाली..! पशुबस्तु पाल्न छाडेपछि मलका लागि सधैँ हाहाकार खेप्नु परेको उहाँ बताउनुहुन्छ । अचेल खेत जोत्ने कुरा ट्र्याक्टरकै भरमा चलेको आम किसान बताउँछन् । जोत्ने गोरु, राँगा पाल्न छाडिएपछि हलो, हरिस, जुवा, अर्नौं, फालीजस्ता हलोसँगै जोडिने पुराना कृषि ज्यावल अब देखिन छाडेका छन् । किसानका घरघरै रहने यी परम्परागत कृषि ज्यावल अब पछिल्लो पुस्तालाई इतिहास पढाए झैं बुझाउन पर्ने भइसकेको शिक्षण पेसामा रहनुभएका बर्दिबास-९ पशुपतिनगर बनरझुल्लाका सूर्यदेव महतो बताउनुहुन्छ ।

पुराना रीतिथिति खेतीपातीका चलन अब कथामा सुनाउनपर्ने दिन आएका सो बस्तीकै ७० वर्षीय विशुनदेव महतोको भनाइ छ । “एक दशक पहिलेसम्म मनाइँदै आइएका चलन देख्दादेख्दै सबै हराए, यो दिनको त कल्पना थिएन हाम्रो पुस्तालाई” महतो भन्नुहुन्छ, “न पुरानो खेती प्रणाली रह्यो, न खेतीहर मजदुर नै पाइन्छन्, अनि के हाम्रा कृषि पर्वका परम्परा जोगियुन् ?” मिथिलाका चाडपर्व अधिकांश कृषिसँग जोडिन्छन् । चौरचन (भदौ शुक्लपक्षको चौँथी) पर्वमा नयाँ कृषि उपज (केरा र अन्य फल) चन्द्रमालाई अर्पण गर्ने र छठपर्वमा बोटैसहितको अदुवा, बेसार, निबुवा/ज्यामिरसहितका फल, गुबोपातसहितको उखुका लाँक्रा सूर्यदेवलाई अर्घ दिँदा देखाइने अनिवार्य कृषि उपज पर्छन् । तर अब विस्तारै यी चलन पनि मेटिने पाका पुस्ताका मैथिलको चिन्ता छ । पहिलेपहिले धान रोपाइँका दिन मनाइने खुसियाली र उल्लास अब दन्त्यकथाजस्तो भइसकेको महतोको थप भनाइ छ ।

ठाउँठाउँका विशिष्ट परम्पराले त्यो ठाउँको खास पहिचान बनाएका हुन्छन् । मिथिला कला, संस्कृति, भाषा र आफ्नै रीतिथिति संसारलाई चिनाएको प्राचीन आर्य सभ्यताको थलो भए पनि अब पुराना परम्परा हराउँदै गएको कुराले पाका पुस्ताको मन अमिलिएको हो । नयाँ पुस्ताले ठाउँ विशेषका आफ्नै विगत परम्परा बुझ्न तत्परता देखाउन् र ती थिति थामी दिन पहलकदमी लिउन् भन्ने आफ्नो पुस्ताको चासो रहेको जलेश्वर नगरपालिका-६ बखरीभाँटका बासिन्दा पूर्वप्रशासक ८५ वर्षीय महेश्वर रायको भनाइ छ ।

# नेपाली समाजको धार्मिक सहिष्णुता विश्वका लागि अनुकरणीय : राष्ट्रपति पौडेल




**पाटन** । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली समाजमा रहेको धार्मिक सद्भाव, सहिष्णुता र प्रजातान्त्रिक तथा उदार चरित्र विश्वका लागि अनुकरणीय दृष्टान्त भएको बताउनुभएको छ।

मुस्लिम आयोगको पाँचौँ वार्षिक स्थापना दिवसका अवसरमा आज ललितपुरमा आयोजित कार्यक्रममा मन्तव्य राख्नुहुँदै राष्ट्रपति पौडेलले मैले अस्ति हिन्दूको पवित्र मन्दिर जलेश्वर महादेवको दर्शन गरे । हिजो बौद्ध धर्मावलम्बीको पवित्र मन्दिर स्वयम्भूनाथको दर्शन गर्न गएँ र आज मुस्लिम समुदायबीच आएको छु," राष्ट्रपति पौडेलले भन्नुभयो, "नेपाली समाज कति सहिष्णु, कति सद्भावपूर्ण र प्रजातान्त्रिक, उदारतापूर्ण छ भन्ने यो दृष्टान्त विश्वले आत्मसात् र अनुसरण गर्ने खालको छ ।" उहाँले संविधानको यही भावनाको संरक्षण गर्नु नै सबै नैपालीको धर्म भएको पनि बताउनुभयो ।

राष्ट्रपति पौडेलले राज्यका हरेक निकायमा सहभागिताको समान अवसर प्रदान गरेर सबै जातजाति, भाषाभाषी, उत्पीडित, अल्पसङ्ख्यक तथा पिछडिएका वर्गको उत्थान भएमात्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्रले राखेको लक्ष्य पूरा हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले समानुपातिक समावेशिताका आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चितताका लागि कानुनी व्यवस्था गर्ने तथा तीनै तहको सरकारबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

"सबै तह र निकायका सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायको सहभागिताको समान अवसरका लागि उपयुक्त नीतिगत र कानुनी प्रयास गरिनु आवश्यक छ भन्ने मैले ठानेको छु," उहाँले भन्नुभयो ।नेपालको संविधान विश्वका उत्कृष्ट संविधानमध्ये एक रहेको र यसले सबै जातजाति, भाषा, धर्म, समुदाय, वर्ग, क्षेत्रका लागि समान हक तथा अधिकारको व्यवस्था गरेको बताउँदै उहाँले यसको व्यावहारिक कार्यान्वयनका लागि सबैलाई अपिल गर्नुभयो ।

राष्ट्रपति पौडेलले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक भएको र नेपालमा सदिऔँदेखि सबै जातजाति, भाषा, धर्म र समुदायबीच आपसी सद्भाव, एकता र सहिष्णुता रहँदै आएको बताउँदै यो हाम्रा लागि गौरवको विषय भएको स्पष्ट गर्नुभयो ।

मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणका माध्यमबाट सिङ्गो मुस्लिम समुदायको बृहत्तर विकासका लागि नेपालको संविधानमा मुस्लिम आयोगको व्यवस्था गरिएको उहाँको भनाइ छ । "संविधान र कानुनले निर्दिष्ट गरेका कार्यभारलाई प्रभावकारी रुपमा सम्पादन गरी समग्र मुस्लिम समुदायको उन्नति र प्रगतिका लागि आयोगले आफ्नो भूमिकालाई आगामी दिनमाा अझै सशक्त र प्रभावकारी बनाउने नै छ भन्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो ।

आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, धार्मिक, सांस्कृतिक र शैक्षिक धरोहरको विकास, संरक्षण र अध्ययन-अनुसन्धान गरी विभिन्न नीतिगत, कानुनी र संस्थागत सुझाव तथा सिफारिस सरकारसमक्ष प्रस्तुत गरी त्यसको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने, विभिन्न किसिमका क्षमता विकास र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएकामा खुसी व्यक्त गर्नुभयो ।

मुस्लिम समुदायको अहिले चलिरहेको रमजान महिनाको रोजा व्रतको शुभअवसरमा रमजानको शुभकामना तथा मुवारक व्यक्त गर्दै राष्ट्रपति पौडेलले मुस्लिम समुदायको अधिकार प्रवर्द्धन, क्षमता विकास र सशक्तीकरणका कार्यक्रम तर्जुमा गरी प्रभावकार ीरुपमा कार्यान्वयनमा ल्याउन आयोगले आगामी दिनमा थप प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

सोही समारोहमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले आयोगले आफ्नो समुदायको पक्षमा वकालत गर्दै कानुन निर्माणमा खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

उहाँले सबै समुदायको प्रतिनिधित्व र अपनत्व कसरी हुन्छ भनेर सरकार लागिपरेको बताउनुहुँदै सङ्घीय निजामती ऐनका लागि सबैको सुझाव लिएर अगाडि बढ्ने र मुस्लिम समुदायको हितलाई पनि केन्द्रमा राखेर काम गर्ने बताउनुभयो । उहाँले सिङ्गो नेपाललाई एकताबद्ध बनाउन आयोगले खेलेको भूमिकाप्रति आभार व्यक्त गर्नुभयो । सर्वोच्च अदालतका न्यायाधीश अब्दुल अजित मुसलमानले नेपालको संविधानले प्रदान गरेको अधिकार र दायित्व निर्वाह गर्दै मुस्लिम समुदायको हितमा लाग्न आग्रह गर्नुभयो । आयोगका अध्यक्ष समिममियाँ अन्सारीले मुस्लिम समुदायको ठूलो सङ्घर्ष र योगदानका कारण मुस्लिम आयोगको स्थापना हुन सकेको बताउनुभयो । उहाँले अधिकार प्राप्ति र रक्षाका साथै समुदायको उत्थान र विकासका लागि इमानदारीपूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

देशको हरेक परिवर्तनमा समुदायले योगदान दिएको बताउनुहुँदै सरकारी सुविधामा पछाडि परेको मुस्लिम समुदायले सङ्घीय निजामती ऐन आएपछि अवसर प्राप्त गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । 'सुखी नेपाली र समृद्ध नेपाल'को नारालाई साकार पार्न पछाडि परेका सबै समुदायलाई मूलधारमा ल्याइनुपर्नेमा जोड दिनुभयो । उहाँले धार्मिक सहिष्णुता कायम गर्दै सामाजिक सद्भाव कायम गर्न आयोगले अध्ययन, अनुसन्धानलगायत काम गर्दै आएको र मुस्लिम विश्वविद्यालय स्थापनाका लागि नेपाल सरकारसमक्ष सिफारिस गरिएको बताउनुभयो ।

संविधानको धारा, २६४ अनुसार २०७५ साल चैत ७ गते मुस्लिम आयोगको स्थापना भएको हो । सोही आधारमा बुधबार पाँचौँ स्थापना दिवसका अवसर पारेर कार्यक्रम गरिएको हो । सो अवसरमा राष्ट्रपति पौडेलले सर्वोच्च अदालतका न्यायाधीश अब्दुल अजिज मुसलमान, सूचना प्रविधिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएबापत अस्कर अलीलगायतलाई सम्मान गर्नुभएको थियो ।रासस

# दिगो विकासका लक्ष्य हासिल गर्ने गरी बजेट तर्जुमा गरिन्छ : अर्थमन्त्री पुन



काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले शासनका हरेक पक्षमा सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) माथिको छलफलका क्रममा उठेका प्रश्नका जवाफ दिँदै उहाँले आर्थिक क्षेत्रमा संलग्न निकायमा पारदर्शिता र व्यावसायिकता विकास गरी सुशासन कायम गरिने बताउनुभयो।

बजेट प्रणाली र आर्थिक सुधारका लागि चालिएका कदमलाई तीव्रताका साथ कार्यान्वयन गरिने जानकारी दिँदै अर्थमन्त्री पुनले अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार दिगो विकास लक्ष्य हासिल गर्ने गरी बजेट तर्जुमा गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सार्वजनिक ऋणलाई उत्पादनमूलक र बढी प्रतिफल दिने क्षेत्रमा परिचालन गरिने बताउनुभयो।

"सत्ता साझेदार पाँच राजनीतिक दलका तर्फबाट जारी न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पलाई मूल आधार मानेर जनताको तीव्र विकासको चाहना पूरा गर्न र समृद्धिको यात्रालाई गति दिन सरकार दत्तचित्त भएर काम गर्न प्रतिबद्ध छ", अर्थमन्त्री पुनले भन्नुभयो।

छललफलमा उठेका विषयप्रति सरकार संवदेनशील रहेको उल्लेख गर्दै उहाँले सांसदबाट व्यक्त भएका सुझावलाई नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा समावेश गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

वर्तमान आर्थिक शिथिलतालाई अन्त्य गर्न सरकारले ठूला तथा निर्माणाधीन आयोजनालाई अगाडि बढाउने र विकास वित्तका लागि आन्तरिक र बाह्य स्रोतको अधिकतम परिचाल गर्ने नीति लिइने मन्त्री पुनको भनाइ छ।

स्वदेशी र बाह्य पूँजी परिचालनका लागि अनुकूल वातावरण निर्माणका साथै आवश्यक सहजीकरण गरिने उल्लेख गर्दै उहाँले सरकारको वित्त नीति र मौद्रिक नीतिबीच उचित समन्वय गरी अर्थतन्त्र चलायमन गराउन थप प्रयत्न गरिने बताउनुभयो।

सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहायताका नवीन स्रोतको पहिचान तथा परिचालन गरिने मन्त्री पुनको भनाइ छ। पूँजीगत खर्चको न्यूनताको समस्या समाधान गर्न नीति, कानुन र प्रक्रिया सुधार अघि बढाइने उल्लेख गर्दै उहाँले निर्माणाधीन पूर्वाधार आयोजनाको कार्यान्वयनलाई तीव्रता दिने, आयोजना प्रमुखसँग कार्यसम्पादन करार गर्ने र अधुरा आयोजनाको निर्माणमा स्रोत सुनिश्चित गरेर मात्र नयाँ आयोजना सुरु गरिने बताउनुभयो।

"सहुलियतपूर्ण हरित वित्त परिचालनको सम्भावनालाई अधिकतम उपयोग गरिनेछ, यसका लागि उपयुक्त आयोजना र कार्यक्रम विकास गरिनेछ। जलवायु परिवर्तनबाट देखिएका नकारात्मक प्रभाव कम गर्न जोड दिइनेछ", मन्त्री पुनले भन्नुभयो, "अन्तरराष्ट्रिय बजारमा पहुँच र प्रविधि हस्तान्तरणलाई केन्द्रविन्दुमा राखी अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति भएपछिको सङ्क्रमणकालीन रणनीति कार्यान्वयन गरिनेछ।"

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पूँजीको विकास गर्न जोड दिइने उल्लेख गर्दै मन्त्री पुनले स्वदेशमा नै रोजगारी सृजना गरी युवा पलायन रोक्ने गरी बजेटमा कार्यक्रम तर्जुमा गरिने बताउनुभयो । कृषिलाई आर्थिक वृद्धि, रोजगारी सृजना, गरिबी निवारण, औद्योगिकीकरण, निर्यात व्यापार र आपूर्ति व्यवस्था अभिवृद्धिको प्रमुख क्षेत्रका रूपमा विकास गरिने उहाँको भनाइ छ।

मन्त्री पुनले जनताको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने, विश्वविद्यालयमा विद्यमान समस्याको तत्काल समाधान गरी उच्च शिक्षाका निम्ति विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने तथा शिक्षा र रोजगारीका बीचमा सन्तुलन कायम गर्ने गरी बजेट तर्जुमा गरिने विश्वास दिलाउनुभयो।

"सबै पालिकामा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने, स्वास्थ्य बीमा कार्यक्रममार्फत नागरिकको स्वास्थोपचार सहज बनाउने र सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न जोड दिइनेछ," मन्त्री पुनले भन्नुभयो, "आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन उपलब्ध गराउने, सामाजिक संरक्षणका कार्यक्रमलाई निरन्तरता दिँदै स्वदेश तथा विदेशमा ज्याला रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई समेट्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अगाडि बढाइनेछ।"

शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न आवश्यक स्रोतको उचित व्यवस्थापन गरिने उल्लेख गर्दै मन्त्री पुनले सरकारको स्रोत र साधनको सन्तुलित वितरणमा यथेष्ट ध्यान दिइने बताउनुभयो । मन्त्री पुनले उपलब्ध स्रोत र साधनको न्यायोचित वितरण गरी सामाजिक न्याय कायम गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। प्रतिनिधिसभाको अर्को बैठक यही चैत १८ गते आइतबार बिहान ११ बजे बस्नेछ ।रासस

# आम्दानी र स्रोतको सुनिश्चितता गरेर बजेट निर्माण गर्नुपर्छ : डा महत




काठमाण्डु। प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपाली कांग्रेसका डा प्रकाशशरण महतले आम्दानी र स्रोतको सुनिश्चितता गरेर बजेट निर्माण गर्नुपर्ने सुझाव दिनुभयो।

आर्थिक वर्ष २०८१/ ८२ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (करप्रस्ताव बाहेक) माथिको छलफलमा उहाँले भन्नुभयो "अर्थतन्त्रलाई सुदृढ बढाउन कुन क्षेत्रमा लगानी गर्दा प्रतिफल आउँछ, कुन क्षेत्रमा लगानी गर्दा प्रतिफल आउँदैन भनेर लक्षित गरेर बजेट बनाउन जरुरी छ।

लगानी बिस्तारै बढ्न थालेको छ, पर्यटक बिस्तारै आउन थालेका छन्, बिस्तारै आर्थिक अवस्थामा सुधार हुँदै जान्छ।"

सामाजिक सुरक्षामा ठूलो दायित्वलाई भएकाले स्रोतको प्राथमिकीकरण गरेर खर्च गर्नुपर्ने र अनावश्यक खर्च कम गर्ने विषयमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

सोही पार्टीका सञ्जयकुमार गौतमले नेपाली जनताले महसुस गर्ने खालको विकास गर्नुपर्ने र त्यसका लागि सरकारले प्राथमिकता निर्धारण गर्नुपर्ने सुझाव दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ईश्वरबहादुर रिजालले पहाडी बस्तीहरुलाई सहरउन्मुख एकीकृत बस्ती निर्माण गरी समाजवाद, गाउँको विकास र सामग्रमा देशको विकास हुने बताउनुभयो।

उहाँले संविधानले अङ्गीकार गरेको व्यवस्थाअनुसार बजेटमा लोककल्याणकारी राज्य, दलितजस्ता शब्दसमेत नभएको गुनासो गर्नुभयो। सोही पार्टीका दीपा शर्माले गत फागुनमा मात्र ६५ हजार युवा काम तथा अध्ययनका लागि विदेशिएको हुँदा युवालाई स्वदेशमै रोजगारी दिने खालको वातावरण बजेटले ल्याउनुपर्नेमा जोड दिनुभयो।

एमालेकै सूर्यकुमारी श्रेष्ठले युवालाई खाडी मुलुकमा पलायनलाई रोक्नुपर्ने र सडक सञ्जालविस्तारलाईप्राथमिकताका साथ बजेटमा राख्नुपर्नेमा जोड दिनुभयो।

सोही पार्टीका नारायणप्रसाद आचार्यले सुरक्षित नागरिक आवास, नदी नियन्त्रण र सिँचाइ योजनामा बजेट निर्माणमा ध्यान दिनुपर्ने माग गर्नुभयो भने रामशङ्कर यादवले विकासका लागि आधारभूत स्थान र प्राथमिकताका आधारमा बजेट निर्माण गर्नुपर्ने सुझाव दिँदै बजेटमा धेरै कुरा छुटेको हुनाले परिमार्जन गर्नुपर्नेमा सुझाव दिनुभयो।

एमालेकै रुक्मणी राणा बराइलीले गरिबी, भोकमरी, प्राकृतिक विपद्को तयारी, सबै नेपालीलाई सामाजिक सुरक्षाको दायरमा ल्याउने गरी बजेट बनाउनुपर्ने सुझाव दिनुभयो । सोही पार्टीका लालप्रसाद साँवा लिम्बूले १८ हजार निर्माण व्यवसायी कार्यरतमध्ये रु ५० अर्बभन्दा बढी भुक्तानी बाँकी रहेको र पूर्वाधार विकास निर्माणमा दुई हजारभन्दा ठेक्का सम्झौताको म्याद सकिएको हुँदा निर्माणको काम ठप्प रहेको हुँदा त्यसतर्फ बजेटले ध्यान दिनुपर्नेमा सुझाव दिनुभयो।

बैठकमा एमालेका सचेतक सुनिता बरालले गरिबी कम गर्ने, रोजगारी बढाउने, किसान र युवालाई एकीकृतरुपमा अगाडि बढाउने खालका कार्यक्रम बढाउनुपर्ने सुझाव दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का मीना तामाङले विकासको प्राथमिकताका आधारमा अध्ययन गरी बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो।

सोही पार्टीका छिरिङ गम्डुल लामा (भोटे) ले कर्णालीमा हिमाली जडीबुटी केन्द्र, पर्यटकीय केन्द्र, हुम्लाको सिमीकोटको रङ्गशाला र रेलमार्ग निर्माण गर्ने योजना बजेटमा ल्याउन माग गर्नुभयो।

माओवादीकै दुर्गा राईले बजेट समतामूलक समाज निर्माण गर्न वैदेशिक रोजगारीलाई न्यून गरी स्वदेशमै रोजगारी दिने खालको हुनुपर्ने सुझाव दिनुभयो।रासस

# बजेट अर्थमन्त्रालयको नियन्त्रणमा मात्रै हुनुहुदैनः सांसद ज्वाला



**काठमाण्डु**। प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद प्रकाश ज्वालाले बजेट निर्माणमा अर्थमन्त्रालयको मात्रै नियन्त्रणमा मात्रै हुन नहुने धारणा राख्नुभएको छ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (करप्रस्ताव बाहेक) माथिको छलफलका क्रममा उहाँले बजेट जनतामा उत्साह भर्न सक्ने, अर्थतन्त्रलाई माथि उठाउने, मुलुकको समृद्धि गर्ने खालको र वर्तमान चूनौतीलाई सामना गर्ने खालको हुनुपर्नेमा जोड दिनुभयो। बजेट निर्माण प्रक्रिया पारदर्शी हुनपर्ने, ब्यापक छलफल गरेर ल्याउनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "बजेट निर्माण प्रक्रियामा सांसदहरुलाई विश्वास गर्नुस, योजना निर्माणमा पनि सांसदका सुझावलाई ग्रहण गर्नुस।"

उहाँले बजेटमा अर्थमन्त्रालयको नियन्त्रण हुने परिपार्टीको अन्त्य हुनु जरुरी रहेको र जनताको आवश्यकताका आधारमा बजेटको प्राथमिकता गरी नयाँ आयोजना छनोट गर्दा उत्पादकत्व, जनतालाई लाभ दिने खालको हुनुपर्ने उहाँको भनाइ थियो।

नागरिक उन्मुक्ति पार्टीका अरुणकुमार चौधरीले मुलुकको आर्थिक अवस्था माथि उठने र मुलुकको विकास हुने खालको बजेट ल्याउनुपर्ने सुझाव दिनुभयो।

जनता समाजवादी पार्टी नेपालका सांसद प्रदीप यादवले मधेस-प्रदेश विकासमा पछाडि परेको हुँदा सरकारले विशेष विकासको प्याकेज दिनुपर्ने माग गर्नुभयो । उहाँले वीरगञ्जमा बन्द रहेको चिनी कारखाना सञ्चालन गर्नुपर्ने, कृषि औजार कारखानालाई अगाडि बढाउनुपर्ने, जनकपुर चुरोट कारखाना चलाउन सरकारको योजनाका बारेमा बजेटले ध्यान दिनुपर्ने उहाँको सुझाव थियो। सांसद यादवले मधेसमा रासायनिक मलका कारण धेरै ठूलो समस्या देखिएकाले रोक्नुपर्नेमा जोड दिँदै गरिब र धनी छुट्ट्याएर सामाजिक सुरक्षाभत्ता वितरण गर्नुपर्ने उल्लेख गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले कृषिलाई व्यावसायिक र आधुनिकीकरण गरेर अघि बढाउनुपर्ने सुझाव दिनुभयो ।आमजनता पार्टीका सांसद प्रभु साहले देशलाई आर्थिक क्षेत्रबाट बलियो बनाउनेभन्दा पनि देशको पैसा विभिन्न बहानामा विदेश पठाउनबाट रोक्नुपर्नेमा जोड दिनुभयो ।स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले देशलाई प्रतिफल दिने खालको क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने र युवा र पुँजी पलायनलाई रोक्नुपर्ने सुझाव दिनुभयो।

स्वतन्त्र सांसद योगेन्द्रकुमार मण्डलले दातृ निकायसँगको सम्झौताअनुरुपको रकम लिएर स्पष्टरुपमा खर्च गर्नुपर्ने सुझाव दिँदै गरिबी निवारण गर्ने खालको योजना ल्याउनुपर्ने सुझाव दिनुभयो ।नेपाली काँग्रेसका सांसद राजेन्द्रकुमार केसीले वितरणमुखी बजेट नभइ काम गर्न सकिने खालको बजेट ल्याउनुपर्ने र आफूसँग भएको स्रोत र साधानको निर्यात गर्नुपर्नेमा सुझाव दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी( एमाले)का सांसद अच्युतप्रसाद मैनालीले फलाम उद्योग, सिमेन्ट उद्योगलगायतका उद्योग सञ्चालन गर्नुपर्ने र निर्माण व्यवसायीलाई प्रोत्साहन गर्नुपर्ने खालको बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद सूर्यमान तामाङ (दोङ) ले जस्ले उद्यम गर्छ, उसले अनुदान पाउँछ भन्ने खालका कार्यक्रम ल्याउनुपर्ने र सवारी दुर्घटना रोक्नेजस्ता कार्यक्रमहरु ल्याउनुपर्ने बताउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले गतवर्ष तय गरेका बजेटका प्राथमिकताले कति योजना सफल भयो भन्ने विषयमा समीक्षा गर्दै आगामी बजेट बनाउनुपर्ने सुझाव दिनुभयो।

जनता समाजवादी पार्टी नेपालका सांसद रञ्जुकुमारी झाले युवाहरुलाई स्वदेशमा रोजगारी दिने खालको बजेट ल्याउनुपर्ने सुझाव दिनुभयो।

नेपाली काँग्रेसका सांसद रामहरि खतिवडाले प्रत्येक सदरमुकाम र स्थानीय तहसम्म पक्की सडक बनाउने गरी बजेट विनियोजन गर्न माग गर्दै प्रत्येक पालिकामा अस्पतालको परिकल्पना गरेको हुँदा आवश्यक बजेटको व्यवस्था गर्न माग गर्नुभयो ।सदनमा आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल जारी छ ।रासस

आमजनता पार्टीका सांसद प्रभु साहले देशलाई आर्थिक क्षेत्रबाट बलियो बनाउनेभन्दा पनि देशको पैसा विभिन्न बहानामा विदेश पठाउनबाट रोक्नुपर्नेमा जोड दिनुभयो ।स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले देशलाई प्रतिफल दिने खालको क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने र युवा र पुँजी पलायनलाई रोक्नुपर्ने सुझाव दिनुभयो ।

# अफगानी किशोरीका लागि अनलाइन शिक्षा सिकाइको निर्विकल्प छनोट

**एएफपी**

काबुल । अफगानिस्तानको एक दुर्गम शहरमा आफ्नो घरभित्र थुनिएको महशुस गर्ने १८ वर्षीया शेकिबा अक्सर इन्टरनेट सङ्केतको खोजीमा घरवरिपरि घुमिरहनुहुन्छ। इन्टरनेट उहाँको शिक्षाको अन्तिम कडी हो।

सन् २०२१ मा तालिवान सत्तामा फर्किएपछि कक्षा कोठामा अध्ययन गर्ने आफ्नो अधिकारबाट बञ्चित बनेकी शेकिबाले अनलाइन शिक्षामा ध्यान केन्द्रित गर्दै एन्ड्रोइड मोबाइल सेटको स्क्रिनमा अर्थशास्त्र बिषयको अनलाइन अध्ययनका लागि 'साइन अप' गर्नुभएको थियो।

उहाँ ल्यापटपको लागि बचत गरी यसबाट सुविधासहितको अनलाइन अध्ययन गर्ने आशा राख्नुहुन्छ तर अझै पनि मोबाइल फोनको लागि राम्रो सङ्केतको सुनिश्चितता नभएको अफगानिस्तानको पहाडी बदख्शान प्रान्तको उच्च स्थानमा रहेको इश्काशिम शहरमा महँगा मोबाइल 'डाटा प्याकेज'हरू किन्न बाध्य छिन् ।उहाँले एएफपीसँगको कुराकानीमा फोनमा भन्नुभयो, "यदि इन्टरनेटको समस्या नभएको भए धेरै सजिलो हुने थियो । तर केही पनि नगर्नु र बस्नुभन्दा अगाडि बढ्नु बेस भनेर उहाँ अनलाइन कक्षामा जोडिनुभएको छ।"

उहाँले भन्नुभयो, "मैले केबल अध्ययन गर्ने, सफल हुने र प्रगति गर्ने आशा गर्दछु। समाजको एउटा परिवारको एक मात्र व्यक्तिले प्रगति गर्‍यो भने उक्त समुदायको सम्पूर्ण परिवारको प्रगति हुन्छ ।"अफगानिस्तानमा नयाँ वर्ष सुरु भएसँगै केटा, युवा पुरुष र कतिपय वयस्क पुरूषसमेत कक्षामा फर्केका छन्, तर संयुक्त राष्ट्रसङ्घले 'लैङ्गिक रङ्गभेद' को संज्ञा दिएको तालिवान सरकारको शैक्षिक नाकावन्दीका कारण किशोरी र यसवा महिलाहरू फेरि पछि परेका छन् र यसले अफगानिस्तानका महिलालाई लामो समयसम्म पछौटे जीवन बिताउन बाध्य पार्नेछ।

परम्परागत विद्यालयको विकल्पमा अनलाइन कक्षाको विकास भए पनि कम्प्युटर र इन्टरनेटको अभावका साथै स्क्रिनको माध्यमबाट हुने सिकाइको एक्लोपनले व्यक्तिगत सिकाइको कमजोर विकल्प पाएजस्तो बोध भएको यसमा जोडिएका विद्यार्थी र उनीहरूका शिक्षकले बताउँछन्। सुलभ खर्चमा दिइने अनलाइन विकल्पहरूमध्ये धेरैले स्नातक तह पनि प्रदान गर्न सक्दैनन्।



- भविष्यका लागि निदिष्ट लक्ष्यको अभाव -

अनलाइन शिक्षामा कति बालिका र किशोरीसम्लग्न छन् भन्ने स्पस्ट छैन, तर दुई उच्च शिक्षा प्लेटफर्महरूले तालिबानले कब्जा गरेदेखि हजारौंको सङ्ख्यामा अफगानीहरूले आवेदन दिएका वा अनलाइन सञ्चालकहरूले आवेदन दर्ता गरेको बताएका छन्।

बेगम एकेडेमीको नामबाट सञ्चालित अनलाइन विद्यालय उनीहरूको शिक्षाका लागि एउटा प्लेटफर्म हो जसमा दारी र पश्तोमा करिब आठ हजार ५०० निःशुल्क भिडियोहरू छन् । भिडियोले अफगानी माध्यमिक विद्यालयको पाठ्यक्रमलाई समेट्छ । अनलाइन कक्षा सन् २०२३ डिसेम्बरमा सुरू भएको थियो र छिट्टै नै यसमा तीन हजारभन्दा बढी प्रयोगकर्ता (विद्यार्थीहरू) जोडिएका थिए ।निर्देशक हमिदा अमनले यो सुविधाबाट आमाबाबु आभारी छन् तर केटीहरूलाई प्रत्यक्ष कक्षामा जस्तो सुविधाको अनुभभूति नभएको बताउनुभयो।

-भविष्यका लागि कुनै दृष्टिकोण छैन-

अमनले फ्रान्सबाट एएफपीसँग भन्नुभयो, "जब हाम्रा लागि सबै कुरा बन्द हुन्छ र भविष्यको कुनै दृष्टिकोण हुँदैन तब त्यसप्रति प्रेरित हुन गाह्रो हुन्छ।"

"यी केटीहरूसँग प्रमाणपत्रहरू हुन सक्दैनन् वा उनीहरूसँग विश्वविद्यालय जाने वा पछि कुनै काम गर्ने महत्वाकाङ्क्षा हुन सक्दैन," उहाँले अनलाइन शिक्षा र यसबाट प्राप्त हुने योग्यताप्रति निराशा व्यक्त गर्दै भन्नुभयो। इन्टरनेसनल क्राइसिस ग्रुपकाअनुसार महिलाका लागि शिक्षा अमेरिका समर्थित सरकारको प्रमुख लक्ष्य थियो तर यो उपलब्धि पनि धेरै हदसम्म शहरहरूमा मात्र सीमित थियो। उक्त समय पनि देशभरिका विद्यालयमा १३ देखि १८ वर्ष उमेर समूहका २३ प्रतिशत किशोरीहरू मात्र पढ्ने गर्थे।

तालिबान सरकारले सन् २०२२ मा महिला शिक्षामा प्रतिबन्ध लगाउने आदेश जारी गरेपछि यो सङ्ख्या घटेर १३ प्रतिशतमा झरेको अमेरिकी प्रवुद्ध समूहले जनाएको छ ।महिला शिक्षामा प्रतिबन्ध लगाउने आदेश लागू भएपछि जैनबले तत्काल अनलाइनबाट माध्यमिक विद्यालयको पठनपाठन सुरु गर्नु भएको थियो। उहाँको दुई पटकसम्मको अनलाइन विद्यालयद्वारा पठनपाठन गर्ने प्रयास सुरूमा अस्वीकार गरिएको थियो तर विदालयका लागि एउटा सुरक्षित स्थान पाएपछि यसलाई सञ्चालनमा ल्याइएको थियो।

प्रतिशोधको डरले आफ्नो पूरा नाम प्रयोग नगर्न आग्रह गरेकी जैनबले भन्नुभयो, "अनलाइन कक्षा लिनुअघि हामी घरमा खाली भयौं । हामी प्रायजसो सुत्थ्यौं । जसले गर्दा हामी निराश बन्यौं र भविष्यप्रति चिन्तित पनि भयौं।"

उहाँलेएएफपीसँगभन्नुभयो, "अनलाइन कक्षाले हामीलाई व्यस्त बनाएको छ तर यसले विद्यालयहरू प्रतिस्थापन गर्न सक्दैन ।" आफ्नो विश्वविद्यालयको शिक्षालाई पनि भर्चुअल रूपमा निरन्तरता दिने प्रयास गरेकी अनलाइनमा अङ्ग्रेजी अध्यापन गराउने २२ वर्षीया रूहिलाले सयौं अफगानी महिलालाई खुशी बाँड्ने प्रयास गर्नुभएको छ । उहाँले भन्नुभयो, "अहिलेको परिस्थितिमा मलाई ऊर्जा दिने एउटा मात्र कुरा भनेको यी किशोरीहरूलाई सिकाउनु हो।"

"सधैंको लागि अनलाइन शिक्षा हुनुले विद्यार्थी र शिक्षक सबैको उत्साह गुम्छ र उही प्रयत्न निरन्तर रहन्न भन्ने कुरा हामीलाई महशुस भइसकेको छ," उहाँले भन्नुभयो ।उहाँले थप्नुभयो, "मानसिक रूपमा, अनलाइन कक्षाहरू धेरै कठिन हुन्छन् । तिनीहरू तनावपूर्ण र पट्ट्यारलाग्दा हुन्छन् ।"तालिबाना अधिकारीले किशोरीहरूलाई माध्यमिक विद्यालय जानबाट प्रतिबन्धित गरिएदेखि नै उनीहरूले इस्लामी कानूनको व्याख्यासँग मेल खाने प्रणाली स्थापना गर्न काम गरिरहेको बताउँदै आएका छन्।

-कम्प्युटरको अभाव, इन्टरनेटको समस्या -

युनेस्कोको एक प्रतिवेदनअनुसार कोभिड-१९ महामारीको समयमा व्यापक 'भर्चुअल शिक्षण विधि'ले यो 'व्यक्तिगत शिक्षाको लागि आंशिक विकल्प' भएको देखाएको छ।

अफगानी विद्यार्थीहरूले इन्टरनेट प्रायः डाउन भएको वा अत्यन्त्ये ढिलो हुने भएको र बिजुली कटौती सामान्य भएको देशमा पटक पटक 'लग इन' गर्ने प्रयासको बोझको सामना गर्नुपरेको छाअनलाइनबारे अनुसनधान गर्ने कम्पनी डाटा रिपोर्टलका अनुसार एक चौथाइभन्दा कम जनसंख्याले इन्टरनेट प्रयोग गर्छन् । अफगानिस्तानमा गरिबीको दर निकै कम भएकाले कम्प्युटर पनि धेरैले धान्न नसक्ने विलासिता हो।

अमनका अनुसार बेगम एकेडेमीका करिब ९० प्रतिशत विद्यार्थीले सिक्नका लागि फोनको प्रयोग गर्छन् । तर १८ वर्षीया आइशाल ती निराशाहरूभन्दा पनि विद्यालयको सामाजिक पक्षलाई बिर्सनुभएको छैन । उहाँले भन्नुभयो, "अनलाइन कक्षा भौतिक कक्षा जत्तिकै प्रभावकारी हुन सक्दैन, जहाँ हामी हाम्रा साथीहरू र हाम्रा शिक्षकहरूलाई भेट्छौं र हाम्रा विचारहरू आदानप्रदान गर्छौं।

"अनलाइन पाठ्यक्रमले हामीलाई आशा मात्र दिन सक्छ", उहाँले भन्नुभयो, तर हामी कहिल्यै भन्न सक्दैनौं, 'मैले अनलाइन पढेको छु र स्नातक गरेको छु'।"

# 'एक स्थानीय तह एक खेल मैदान'



**गण्डकी** । गण्डकी प्रदेश सरकारले चालु आवमा २५ स्थानीय तहमा खेल मैदान निर्माणका लागि अनुदानको प्रक्रिया अगाडि बढाएको छ। अनुदानका लागि ४६ वटा स्थानीय तहबाट प्रस्ताव परेको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ।

"खेल निर्माण र स्तरोन्नतिका लागि अनुदान पाउने स्थानीय तह केहीदिनमा छनोट हुन्छन्", खेलकुद महाशाखा प्रमुख खिमबहादुर भुजेलले भन्नुभयो, "यस वर्ष 'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रमका लागि रु. चार करोड बजेट छ, एउटा स्थानीय तहले रु. १६ लाखका दरले अनुदान पाउँछ।"

छनोटपछि लगत्तै योजना कार्यान्वयनमा जाने उहाँको भनाइ छ। प्रदेश सरकार स्थापना भएयता उक्त कार्यक्रमका लागि रु. १७ करोड २२ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । प्रदेशका ८५ स्थानीय तहमध्ये ७८ स्थानीय तहमा 'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रम कार्यान्वयन भएको जनाइएको छ।

महाशाखा प्रमुख भुजेलले यसअघि कतिपय स्थानीय तहमा योजना सुरु भएपनि कामले पूर्णता पाउन नसकेको बताउनुभयो। व्यवस्थित र योजनाबद्ध ढङ्गले काम नहुँदा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको उहाँको भनाइ छ । "सरकारले पालिकास्तरको स्तरीय खेल मैदान निर्माणको नीति लिएर लगानी गरेको हो, तर प्रतिफल त्यही अनुसारको देखिएको छैन", उहाँले भन्नुभयो, "वितरणमुखी बजेटले परिणाम दिँदैन।"

महाशाखा प्रमुख भुजेलले यो वर्षदेखि निर्माण सुरु भएको खेल मैदानलाई पूर्णता दिने गरि बजेट खर्च गरिने बताउनुभयो।

खेल मैदान मर्मतलगायत स-साना योजनामा मन्त्रालयले बर्सेनि बजेट विनियोजन गर्दै आएको छ। 'एक स्थानीय तह, एक खेल मैदान'अन्तर्गत गत आवमा १५ वटा खेल मैदानको निर्माण तथा स्तरोन्नति गरिएको थियो।

प्रदेश सरकारले घोषणा गरेका ठूला खेल पूर्वाधार आयोजना भने कार्यान्वयन हुन सकेका छैनन् । लाखौं खर्चेर विस्तृत परियोजना प्रतिवेदन (पिपिआर) बनाइएका कतिपय खेल पूर्वाधार निर्माण सुरु नै नभई अलपत्र परेका छन्। चालु आवमा प्रदेशस्तरीय क्रिकेट खेलकुद मैदान निर्माणका लागि रु. ४० लाख बजेट विनियोजन गरेपनि जग्गा नहुँदा कहाँ लगानी गर्ने भन्ने अन्योलता देखिएको मन्त्रालयले जनाएको छ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा पर्वतीय खेलकुद तालिम केन्द्र बनाउने योजनालाई यो वर्ष प्राथमिकतामा राखिएको महाशाखा प्रमुख भुजेलले बताउनुभयो । उक्त योजनाको प्राविधिक अध्ययन र 'डिपिआर' निर्माणका लागि विज्ञ टोली गठन गरेर काम सुरु गरिएको उहाँको भनाइ छ । मुस्ताङको भूगोल विशिष्ट प्रकृतिको भएकाले विज्ञहरुमार्फत भौगर्भिक अध्ययन गरेपछि मात्र पूर्वाधार निर्माणको काम सुरु गरिने महाशाखा प्रमुख भुजेलले बताउनुभयो।

प्रदेशले कार्यान्वयन गर्ने कतिपय खेल पूर्वाधार योजनालाई सङ्घ सरकारबाटसमेत शसर्त बजेट आउने गरेको छ। पूर्वाधारतर्फ खेल मैदान, कभर्डहल, व्यायामशाला आदि निर्माण र स्तरोन्नतिका योजना छन् । मन्त्रालयले 'खेल मैदानको निर्माण एवं स्तरोन्नति सम्बन्धि मापदण्ड, २०७८' बमोजिम योजना सम्झौता एवं कार्यान्वयन गर्ने गरेको छ ।रासस

# खेलकुदमन्त्री र आइसीसी अध्यक्षबीच भेटवार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री बिराजभक्त श्रेष्ठ र अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) का अध्यक्ष ग्रेग बार्कलेबीच बुधबार युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारमा भेटघाट भएको छ।

भेटघाटमा उनीहरुबीच नेपाली क्रिकेटको विकास र अभिवृद्धिबारे विशेष कुराकानी भएको थियो । नेपालमा क्रिकेटको बढ्दो लोकप्रियता र अन्तर्राष्ट्रिय मञ्चमा यसको महत्वलाई पहिचान गर्दै नेपालको क्रिकेट विकासको प्रयासलाई सहयोग गर्न आईसीसी उत्साहित र प्रतिबद्ध रहेको अध्यक्ष बार्कलेले बताए।



मन्त्री श्रेष्ठले आईसीसीको सहयोगलाई स्वागत गर्दै क्रिकेटलाई युवा सशक्तिकरण र राष्ट्रिय गौरवको माध्यमका रूपमा प्रवर्द्धन गर्न मन्त्रालय अडिग रहेकोमा जोड दिए।

अध्यक्ष बार्कले चारदिने नेपाल भ्रमणमा नेपाल आएका हुन्।

# इजराइली रक्षामन्त्रीले अमेरिकाको भ्रमण गर्ने



**एएफपी**

जेरुसेलम । गाजाको रफामा योजनाबद्ध आक्रमण रोक्न दबाब बढिरहेका बेला इजराइली रक्षमन्त्री योभ ग्यालान्टले आगामी साता अमेरिकाको भ्रमण गर्न लाग्नुभएको सरकारले बुधबार बताएको छ।

अमेरिकाले समेत विरोध गरेको नियोजित आक्रमणका बारेमा छलफल गर्न 'अमेरिकी राष्ट्रपति जो बाइडेनको अनुरोधमा' एउटा प्रतिनिधिमण्डल अमेरिका जाने इजराइली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले घोषणा गरेको छ।

अक्टोबर ७ मा हमासको अभूतपूर्व आक्रमणको जवाफमा युद्ध सुरु भएपछि वासिङ्टनको आफ्नो पहिलो भ्रमणका क्रममा ग्यालान्टले अमेरिकी रक्षामन्त्री लोयड अस्टिनसँग भेट गर्नुहुनेछ तर भ्रमणको मिति घोषणा गरिएको छैन । "उहाँले हमासले बन्धक बनाएका सबै बन्धकको रिहाई सुनिश्चित गर्ने प्रयास, प्यालेस्टिनी नागरिकसम्म पुग्नका लागि थप मानवीय सहायताको आवश्यकता र रफामा शरण लिएका १० लाखभन्दा धेरै मानिसको सुरक्षा सुनिश्चित गर्ने योजनाहरूबारे कुराकानी गर्नुहुनेछ", एक अमेरिकी रक्षा अधिकारीले भन्नुभयो।

प्रधानमन्त्री नेतान्याहुले गाजामा हमासलाई समाप्त पार्न रफामा अपरेसन आवश्यक रहेको बताउनुभएको छ तर गाजाका अन्य भागबाट विस्थापित भएका सहित रफामा १५ लाख मानिसको उपस्थितिले ठूलो मानवीय हताहत हुने चिन्ता बढाएको र यस क्षेत्रमा मानवीय सङ्कट थप गहिरो बनाएको छ।

अमेरिकी राष्ट्रपति बाइडेनले सोमबार आफूले नेतान्याहुलाई रफामा पूर्णस्तरको सैन्य अभियानबाट बच्ने तरिकाबारे छलफल गर्न एउटा टिमलाई वासिङ्टन पठाउन भनेको बताउनुभएको थियो।

नेतान्याहुको कार्यालयले रणनीतिक मामिलामन्त्री रोन डर्मर र राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले अनुरोध गरिएको वार्ता गर्नुहुने बताएको छ। यद्यपि कार्यालयले वासिङ्टनका लागि प्रतिनिधिमण्डल कहिले प्रस्थान गर्नेछ भन्नेबारे केही बताएको छैन । अमेरिकी रक्षामन्त्री अस्टिनसँगको इजराइली रक्षामन्त्री ग्यालान्टको निर्धारित बैठक बाइडेनले अनुरोध गर्नुभएको प्रतिनिधिमण्डलको भ्रमणसँग अलग भएको अमेरिकी रक्षा अधिकारीले बताउनुभएको छ।

# आसिफा औपचारिक रूपमा राजनीतिमा प्रवेश

**एएनआई**

इस्लामावाद । पाकिस्तानका राष्ट्रपति असिफ अली जरदारीकी कान्छी छोरी बिबी आसिफा भुट्टो जरदारी औपचारिक रूपमा पाकिस्तानको राजनीतिमा प्रवेश गर्नुभएको छ।

राष्ट्रपति भएपछि जरदारीकी पिताले खाली गरेको राष्ट्रिय सभाको सिटका लागि उम्मेदवारी दिएर उहाँले पाकिस्तानमा औपचारिक रूपमा राजनीतिक जीवनको थालनी गर्नुभएको हो । सिन्ध प्रान्तको एनए-२०७ निर्वाचन क्षेत्रमा हुन लागेको उपनिर्वाचनका लागि आसिफाले आइतबार उम्मेदवारी दर्ता गराउनुभएको छ।



आसिफाले एनए-२०७ को उपनिर्वाचनका लागि आफ्नो मनोनयन पत्र पेश गर्नुभएको छ। आसिफा पति नवाबशाहस्थित निर्वाचन अधिकारीको कार्यालयमा पुगेर मनोनयन पत्र बुझाउनुभएको हो । पाकिस्तानका पूर्वप्रधानमन्त्री बेनजीर भुट्टोका पति, असिफाका पिता तथा पाकिस्तानी राष्ट्रपति जरदारीले एनए-२०७ निर्वाचन क्षेत्रबाट पाकिस्तानको संसदीय निर्वाचनमा जिजयी हुनुभएको थियो । उहाँ राष्ट्रपति भएपछि उहाँले जितेको निर्वाचन क्षेत्र खाली हुनपुगेको छ।

राष्ट्रपति जरदारीले आसिफालाई देशको प्रथम महिला नियुक्त गर्ने अनुमान गरिएको एआरवाई न्यूजले पाकिस्तानी सरकारी स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेको छ। यदि, असिफालाई प्रथम महिला घोषित गरिएमा विशेष गरी परम्परागत रूपमा राष्ट्रपतिको पत्नीलाई दिने गरिएको प्रथम महिलाको सम्मान पाकिस्तानको इतिहासमा पहिलो पटक राष्ट्रपतिकी छोरीलाई दिइने छ।

पाकिस्तानकी एक मात्र महिला प्रधानमन्त्री बनेकी आसिफाकी आमा बेनजिर भुट्टो जरदारीको सन् २००७ मा रावलपिण्डीमा भएको आत्मघाती बम विस्फोट र आक्रमणमा हत्या भएको थियो।

भुट्टोका भाइ बिलावलले यसअघि अप्रिल २०२२ मा इमरान खानलाई प्रधानमन्त्री पदबाट हटाएपछि बनेको पाकिस्तान डेमोक्रेटिक मुभमेन्ट (पीडीएम) सरकारमा पाकिस्तानको विदेशमन्त्रीको रूपमा काम गरिसक्नुभएको छ । तर, यसपटक पीपीपीले शहबाज सरिफ नेतृत्वको सरकारलाई बाहिरबाट समर्थन गर्ने र सरकारमा सहभागी नहुने निर्णय गरेको छ।

पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) का सहअध्यक्ष आसिफ जरदारीले आइतबार पाकिस्तानको १४ औं राष्ट्रपतिका रुपमा सपथ लिनुभएको छ । जरदारी सेनाका प्रमुखबाहेक दोस्रो पटक राष्ट्रप्रमुख निर्वाचित हुने एकमात्र गैर-सैनिक (नागरिक) उम्मेदवार हुनुहुन्छ । उहाँले सन् २००८ देखि २०१३ सम्म पाकिस्तानको राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएको थियो।

पाकिस्तानमा फेब्रुअरी ८ मा निर्बाचन भएको थियो। इमरान खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) समर्थित स्वतन्त्र उम्मेदवारले अधिकतम ९२ सिटसहित पाकिस्तानको पहिलो शक्ति बनेपनि उनीहरू दलीय झण्डाबाट प्रतिनिधि नभएका कारण पिटिआईलाई ठूलो दलको रूपमा मान्यता दिइएको छैन । निर्बाचनमा दोस्रो धेरै (७३) सिट जितेको नवाज सरिफको पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) ले संसद्मा सबैभन्दा ठूलो दलको मान्यता पाएको छ र ५४ सिट जितेको पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) ले दोस्रो ठूलो दलको मान्यता पाएको छ।

निर्बाचनका समय इन्टरनेट बन्द, धाँधलीपूर्ण मतदान र मतदानमा 'समान अवसर' को अभाव भएको आरोप पिटिआई र अन्य धेरै दलले लगाएपछि चुनावलाई विवादास्पद मानिएको थियो ।पीपीपी र पीएमएल-एनबीच पाकिस्तानमा सरकार गठनका लागि केही दिनको छलफलपछि सरकार गठनका लागि सहमति भएको थियो।

# नेपाली क्रिकेट टोलीको घोषणा



**काठमाण्डु** । नेपाल क्रिकेट सङ्घ (क्यान) ले घरेलु मैदानमा आयोजना हुने आयरल्यान्ड 'ए' सँग र भारतमा हुने फ्रेन्डसिप कपका लागि बुधबार नेपाली टोली घोषणा गरेको छ।

क्यानले रोहितकुमार पौडेलको कप्तानीमा १५ सदस्यीय नेपाली टोलीको घोषणा गरेको हो । छनोट हुने नेपाली टोलिमा कप्तान पौडेलसहित आसिफ शेख, कुशल भुर्तेल, दिपेन्द्रसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, सन्दीप जोरा, अनिल साह, करण केसी, सोमपाल कामी, गुलसन झा, ललितनारायण राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिस जिसी, अविनाश बोहरा र आकाश चन्द छन्।

नेपालले आयरल्यान्डसँग कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा यही चैत १२ र १३ गते ट्वान्टी-ट्वान्टी खेल खेल्नेछ । त्यसपछि नेपाली टोली भारत जानेछ । भारतमा नेपालले पहिलो खेल यही चैत्र १८ गुजरातसँग खेल्नेछ भने दोस्रो खेल चैत २० गते बरोडासँग खेल्नेछ।

त्यस्तै नेपालले आफ्नो तेस्रो खेल चैत २१ गते गुजरातसँग खेल्नेछ। उक्त सिरिजको अन्तिम खेल नेपालले चैत २३ गते बरोडासँग खेल्नेछ। लिग चरणमा एक अर्कासँग दुई खेल खेलपछि शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्। फाइनल खेल भने चैत २५ गते हुनेछ।

# स्थानीय उत्पादनले बजार नपाउँदा किसान चिन्तित

**चितवन** । चितवनमा भारतीय केरा आयात हुँदा स्थानीय उत्पादनको बिक्रीमा समस्या भएको किसानले गुनासो गरेका छन् । बजारमा ल्याउने तयारी अवस्थाका स्थानीय केराले बजार नपाउँदा केरा उत्पादक किसानले चिन्ता व्यक्त गरेका हुन् ।



हाल जिल्लामा जी ९ केरा बजारमा ल्याउने तयारी भएको छ भने माल्बोगको पनि तयारी अवस्थामा छ ।

भरतपुर महानगरपालिका वडा नम्बर २३ मा २५ विगाहा क्षेत्रफलमा केराखेती गर्दै आउनुभएका घननाथ महतोले उत्पादनले बजार नपाउँदा थन्काएर राख्नुपरेको गुनासो गर्नुभयो । उनले भने "केरा बिक्रीका लागि तयार भएको १२ दिन भयो कतै बेच्न सकेको छैन ।"

चितवन केरा उत्पादक सङ्घका निवर्तमान अध्यक्ष समेत रहनुभएका महतो स्थानीय केराले बजार पाउन नसक्दा निकै चिन्तित हुनुहुन्छ ।

भारतबाट आयातित केरा र यहाँ उत्पादित केराको मूल्यमा असमानता भएपछि बजार पाउन नसकेको उहाँका भनाइ छ । अमित कृषि फर्मका सञ्चालक यज्ञ सुवेदी पनि स्थानीय केरा बजार ल्याउने तयारीमा छन् । तर चितवनमा यही उत्पादित केराले बजार पाउन नसकेको फर्मका सुवेदीले गुनासो गर्नुभयो । उनले भने "चितवनको बजार ९० प्रतिशत भारतीय केराले ओगटेको छ । स्थानीय केराले यहाँ बजार नपाएपछि पोखरा, बुटवललगायतका बजारमा केरा पठाउने सुरु गरिएको छ ।"

उनले स्थानीय केराको बजारीकरणमा समस्या देखिएको बताए । "भारतीय केरा रोक्न व्यवसायीहरुसँग छलफल भए पनि कार्यान्वयन हुन सकेन", उनले भने । उनले ५५ विगाहा क्षेत्रफलमा केराखेती गर्दै आउनुभएको छ । भारतबाट केरा आयात गरेर पकाउने र बजारमा ल्याउन गर्दा यहाँ उत्पादित केराले बजार पाउन नसकेको उहाँको भनाइ छ । चितवनका केरा व्यवसायीहरुसँग पटक-पटक छलफल भए पनि त्यहाँ भएका सहमतिको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या भएको उनले गुनासो गर्नुभयो ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई भरतपुरका सूचना अधिकारी इन्द्र ढुङ्गानाले जिल्लामा अहिले एक सय ५० टन केरा बिक्रीका लागि तयारी भइरहेको बताए । यी केराले जिल्लामा बजार नपाउँदा बजार व्यवस्थापनमा समस्या भएको उहाँको भनाइ छ । उनले भने "केरा उत्पादन भएर बजारमा आउने समय भयो । भारतीय केराले गर्दा यहाँका केराको बजार बिस्थापित भयो ।"जिल्लामा दुई हजार दुई सय पाँच हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ । केरा उत्पादनमा जिल्लाका आठ सय किसान आबद्ध छन् । उनले भने "जिल्लामा उत्पादित केराको बजार व्यवस्थापनका लागि पहल भइरहेको छ ।

प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना केरा जोनका संयोजक बिष्णुहरि पन्तले विगतका वर्ष पनि यस्तो समस्या रहेको बताए ।

बजारीकरणका लागि सरोकारवालासँग छलफल गरिएको उहाँको भनाइ छ । जिल्लामा उत्पादित केरालाई ग्रेडिङ् गरेर बजारमा ल्याउने तयारी भइरहेको उनले बताए । उनले भने "ग्रेडिङ् गरेर बजारमा केरा ल्याउन लागेका छौँ । यससँगै केरा पकाउने चेम्बर किसानलाई उपलब्ध गराइएको छ ।" यस वर्ष सातवटा चेम्बर उपलब्ध गराइ केरा पकाउन सहयोग गरिने उनले उल्लेख गर्नुभयो ।रासस

# बाली जोगाउन भोटे कुकुर वितरण

**अर्घाखाँची** । पाणिनी गाउँपालिका पोखराथोकमा वन्यजन्तुबाट बाली जोगाउन किसानलाई भोटे कुकुर वितरण गरिएको छ । पाणिनी गाउँपालिका वडा नं २ पोखराथोकमा किसानका मागका आधारमा शुद्ध नश्लका नौ वटा भोटे कुकुर वितरण गरिएको वडाध्यक्ष चन्द्रकान्त पौडेलले बताए । बाँदर, बँदेल, दुम्सी लाग्ने क्षेत्रका सबै गाउँ समेटिने गरी किसानका मागका आधारमा भोटे कुकुर वितरण गरिएको जनाइएको छ ।



बाँदरका कारण बाली जोगाउन मुस्किल भएका तथा वन्यजन्तुबाट हैरानी खपेका किसान पनि भोटे कुकुर पाएपछि खुशी भएका छन् । पोखराथोकका किसान भाष्करराज पौडेलले भने, "वन्यजन्तुबाट खेतीपाती तथा फलफुल जोगाउन मुस्किल छ । बाँदर तथा वन्ययजन्तुबाट पाइरहेको हैरानी भोगेका हामीलाई भोटे कुकुर पाएपछि खुसी भएका छौँ ।" किसानहरुको २५ प्रतिशत र वडा कार्यालयको ७५ प्रतिशत लागतमा ती कुकुर वितरण गरिएको हो । वडा अध्यक्षसहित गाउँपालिकाको कृषि तथा पशु शाखाका प्राविधिकहरु समेतले धादिङ भोटे कुकुर क्लव अफ नेपाल, पोखरा महानगर पालिकाको वडा नं २१ र माछापुच्छे गाउँपालिकाबाट खरिद गरी ल्याइएका ती भोटे कुकुर बुधबार किसानलाई एक कार्यक्रममार्फत वितरण गरिएको हो । सबै कुकुरको स्वास्थ्य प्रतिवेदन, डीएनए परीक्षण भइसकेको वडा अध्यक्ष पौडेलले जानकारी दिए । चालिसदेखि ६० दिनसम्मका कुकुरहरुको खरिद मूल्य प्रतिकुकुर रु ३५ हजार छ ।

बाँदर र बँदेल जस्ता वन्यजन्तुले सताउन थालेपछि अर्घाखाँचीसहित पहाडी जिल्लाका मानिसहरुको बढ्दो बसाइसराइ रोक्न यो कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमाकान्त न्यौपानेले बताए ।रासस

# प्लास्टिकका भाँडाले माटोका भाँडा लोप हुँदै

**दमौली** । बढ्दो आधुनिकतासँगै प्लास्टिकका भाँडा प्रयोग हुन थालेपछि माटोका भाँडाले बजार पाउन छाडेको छ । बजारमा सहज रुपमा पाइने प्लास्टिकका भाँडाका कारण माटोका भाँडा लोप हुने अवस्थामा पुगेको हो ।



आँबुखैरेनी गाउँपालिका-१ सत्रसयफाँटमा लामो समयदेखि माटोका भाँडा बनाउँदै आउनुभएका चन्द्रकृष्ण प्रजापतिले आधुनिकता तथा सहजताका कारण प्लास्टिकका सामग्री प्रयोग गर्ने बढेसँगै माटाको भाँडा प्रयोग गर्ने घटेको बताए । पुर्ख्यौली पेसा भएकाले अहिलेसम्म छाड्न नसकेको उहाँको भनाइ छ ।"पछिल्लो समय प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज, जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडा विस्थापित हुने अवस्थामा पुगेको छ । अहिले धैरै व्यापार घटेको छ । पेसा नै लोप हुन्छ की भन्ने चिन्ता छ ।"

प्रजापतिको परिवार २०४३ सालमा भक्तपुरको ठिमीबाट बसाइँसराइ गरी तनहुँ आएको थियो । बाबु चन्द्रबहादुर प्रजापतिसँगै तनहुँ आउनुभएका उनले छ वर्षको उमेरदेखि नै माटाका भाँडा बनाउन सिक्नुभएको हो । माटाका भाँडा बिक्री गरी हाल वार्षिक रू पाँच लाखसम्म आम्दानी हुने गरेको प्रजापतिले सुनाउनुभयो । उहाँका अनुसार निर्माण गरिएका भाँडा तनहुँका साथै लमजुङ र गोरखामा समेत बिक्री हुँदै आएको छ ।

माटोका भाँडा बनाउने भट्टाबाट रक्सी पार्ने हण्डा, मकै भुट्ने हाडी, पानी राख्ने भुड्का, गाग्री, घैँटा, धुपौरे, खोतउली, फूलका गमला, आरी, डुगुल्की, सुराइ, खुत्रुक्के, कमलदानी, कलश, पाला, दियोलगायत सामग्री बन्दै आएको छ । हाडीप्रति गोटा रू दुई सय, गमलाप्रति दर्जन रू नौ सय, गाग्री रू एक सय ५०, आरी रू दुई सय, खुत्रुक्के रू एक सय ५०, धुपौरे रू ६० मा बिक्री हुने गरेको प्रजापतिले जानकारी दिए । भाँडा तयार गर्नका लागि गोरखाबाट प्रतिट्याक्टर चिम्ट्याइलो माटो रू १५ हजारमा खरिद गर्ने गरेको उनले बताए ।

प्लास्टिकका भाँडा प्रयोग गर्दा मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने र वातावरणसमेत प्रदूषित हुने भएकाले माटोका भाँडा प्रयोग गर्नुपर्ने प्रजापतिको सुझाव छ ।"भट्टामा माटो पेल्ने तथा भाँडा बनाउने मेसिन र पोल्ने भट्टा निर्माण गरी पेसालाई निरन्तरता दिँदै आएको छु । म यो पोमा सन्तुष्ट छु", प्रजापतिले भने । स्थानीय सरकारले केही आर्थिक सहयोग गरिदिए व्यवसायलाई आधुनिक बनाउने योजना रहेको उहाँको भनाइ छ ।रासस

# नवलपुरमा चरा अवलोकन पदमार्ग



**गण्डकी** । बढ्दो प्राकृतिक विनाशले चराचुरुङ्गीका आश्रयस्थल सङ्कटमा परिरहेको अवस्थामा पोखरा पंछी समाज भने चराहरूको संरक्षण गर्दै त्यसलाई पर्यटनसँग जोड्ने अभियानमा जुटेको छ । संकटापन्न अवस्थामा परेका गिद्धलगायतका पंक्षीहरूको संरक्षणमा निरन्तर जुटिरहेको समाज पोखरासहित समग्र गण्डकी प्रदेशमा चरा पर्यटनको विकासमा पनि उत्तिकै सक्रिय छ ।

चरा संरक्षण अभियान अन्तर्गत नेपाल चरा उत्सव (वर्ड फेयर) सञ्चालन गरिहेको समाजले गत माघ २६ देखि २८ गतेसम्म नवलपुरको कावासोती नगरपालिका वडा नं १३ मा दोस्रो नेपाल चरा उत्सव सम्पन्न गरिसकेको छ । चरा उत्सवकै अवसरमा नयाँ चरा अवलोकन पदमार्गको प्याकेज निर्माण गरेको बताउँदै समाजका अध्यक्ष मनशान्त घिमिरेले भने, "वर्ड वाचिङ ट्रेल निर्माणको यो पहल वर्ड इको-टुरिजमलाई प्रवर्द्धन गर्न र नवलपुर क्षेत्रमा वातावरणीय चेतना बढाउन कोसेढुङ्गाका रूपमा स्थापित हुने विश्वास लिएका छौँ ।"

नवलपुरको रमणीय क्षेत्रमा नयाँ चरा अवलोकन पदमार्ग प्याकेज तयार गरिनुले दिगो पर्यटनका लागि महत्वपूर्ण भएको उहाँको भनाइ छ । प्राकृतिक सम्पदाको संरक्षण गर्दै आर्थिकरुपमा पनि फाइदा लिने गरी पर्यावरणीय पर्यटनमा जोड दिनुपर्ने उहाँ बताउनुहुन्छ ।

नवलपुरमा चरा अवलोकन पदमार्ग

नारायणी नदीमा पैदलयात्रासहित डुङ्गा र जीपको सहायतामा पुगिने तीन ओटा पदमार्गमध्ये पहिलो पदमार्गले पिठौली-घाटदेखि नमुना सामुदायिक बनको बीच भाग समेटेको छ । त्यस्तै दोस्रो पदमार्गले जमुनाघाटदेखि अमल्टारी घाटसम्मको दूरी समेटेको छ भने तेस्रोले रत्नापुरादेखि भुताहा पोस्टसम्मको दूरी समेटेको छ । यी पदमार्गमा १४ भन्दा धैरै थरीका हाँस र १० प्रजातिका जलपंछीहरु प्रत्यक्ष अवलोकन गर्न सकिन्छ ।

त्यस्तै देवचुली पदमार्गका लागि कावासोतीबाट जिप यात्रामार्फत करिब डेढ घण्टामा पोखरी र त्यहाँबाट तीन घण्टा पैदल गरी यात्रा गर्न सकिन्छ । देवचुलीको चुचुरो पुगेर फर्किएपछि थोरै तल रहेको घरवास(होमस्टे)मा रात बिताउन पनि मिल्छ । यस पदमार्गका मुख्य आकर्षणमा नेपालमा मात्रै पाइने काँडेभ्याकुर, विभिन्न प्रजातिका चाँचर, कालिज, घेघरी घाँसेफिस्टो, नहिकुटी गौँथलीआदी रहेको समाजका अध्यक्ष घिमिरेको भनाइ छ । यहाँको नमुना सामुदायिक पदमार्ग पनि छ । विश्वकै पहिलो सामुदायिक व्यवस्थापनमा सञ्चालित जटायु रेस्टुराँबाट सुरु हुने यात्रा कृष्णसार सामुदायिक वनको प्रवेशद्वारमा पुग्छ । यस पदमार्गका लागि कम्तीमा पाँच घण्टा छुट्याउनुपर्छ ।

यहाँका मुख्य आकर्षणमा आठ प्रजातिका गिद्ध (डङ्गर, सुन, लामोठुंडे, सानो-खैरो, सेतो, खैरो, हिमाली, राज गिद्ध), खर मजुर, कालिकण्ठे तोरीगाँडा, ठूलो कस्दरी, खोया हाँस, माछाकुल, झिली जस्ता प्रजातिका चरा छन् । चरा पर्यटनको सम्भाव्यतालाई उजागर गर्नका लागि यस चरा अवलोकन पदमार्गको प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डले सहयोग गरेको बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख नवीन पोखेलले बताउनुभयो ।

"चरा अवलोकन पदमार्ग नेपालको पर्यटनको विकासमा लागि महत्वपूर्ण आयाम हो", उनले भन्नुभयो, "प्रकृति संरक्षणका साथै चरा पर्यटनको विकासका लागि यो प्रयास महत्वपूर्ण बन्ने विश्वास लिएका छौँ ।"चरा पर्यटनका दृष्टिले पर्यटन राजधानी पोखरासहित समग्र गण्डकी प्रदेश नै उपयुक्त गन्तव्य बन्न सक्ने देखिएको यस क्षेत्रका अनुसन्धाता बताउँछन् । पोखरालाई पर्यटनको राजधानी घोषणा गरिसकिएको अवस्थामा गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यलाई यसैमा जोड्नु आवश्यक रहेको गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्रालयका सचिव कुमानसिंह गुरुङ बताउनुहुन्छ ।

चरा पर्यटनको सम्भाव्यता समेतलाई दृष्टिगत गरी पोखरा पंछी समाजले चरा अवलोकन पदमार्गको अवधारणा अघि सार्नुले चरा पर्यटनसँगै समग्र पर्यटनको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने उहाँको भनाइ छ ।हिमाली तथा पहाडी दृश्यावलोकनसँगै साहसिक पर्यटनमा पनि चासो र चर्चा कमाएको गण्डकी प्रदेशमा चरा पर्यटनमा पनि धेरै सम्भावना बोकेको नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासु त्रिपाठीले बताउनुभयो ।

गण्डकी प्रदेश अन्तर्गत मुस्ताङ हुँदै बग्ने कालीगण्डकीदेखि त्रिवेणी, गजेन्द्रमोक्षधामसम्मका क्षेत्र विभिन्न जलसम्पदाकै कारण चराको रोजाइमा पर्ने गर्दछन् । पछिल्ला वर्ष पोखरासहित समग्र गण्डकी प्रदेशमा चरा हेर्न आउने पर्यटकको सङ्ख्या बढ्दो छ । नेपालमा आउने आठ प्रतिशत विदेशी पर्यटकमध्ये चरा हेर्नकै लागि आउने गरेका छन् । विशेषतः जाडो छल्न चीन, मङ्गोलिया, साइबेरियालगायत स्थानबाट गण्डकी प्रदेशका पोखरादेखि नवलपुरसम्मका क्षेत्रमा हिउँदे चरा आउने गरेको अनुसन्धानले देखाएको छ ।

नेपालमा सन् १९८७ देखि बर्सेनि नियमित रूपमा जलपंक्षी गणना हुँदै आएको छ । प्रत्येक वर्ष ग्रेगोरियन पात्रोको जनवरी पहिलो हप्तादेखि तेस्रो हप्तामा जलचरा गणना गर्ने प्रचलन छ । दक्षिण एसियामै पहिलो पटक वन्यजन्तु पर्यटन भित्र्याउने पायोनियर कम्पनी टाइगर टप्सको चेन होटल टाइगर माउण्टेन पोखरा लजका प्रबन्धक मार्कस कटनको अगुवाइमा सन् २००४ देखि पोखरा उपत्यकामा जलचरा गणना शुरु गरिएको थियो । पछिल्ला वर्षमा केही चरा पथप्रदर्शक, नेपाल पंछी संरक्षण सङ्घ पोखरा र पोखरा पंछी समाजका संलग्नतामा पोखरामा जलचरा गणना गरिदै आइएको छ ।

गण्डकी प्रदेशको अन्नपूर्ण संरक्षण क्षेत्रमा मात्रै पाँच सय प्रजातिका चरा पाइन्छन् । जसमा एक सय स्तनधारी प्रजातिका छन् । नेपालमा पाइने आठ सय ८७ प्रजातिका चरामध्ये गण्डकीमा मात्रै कम्तीमा छ सय प्रजाति पाइने भएकाले समग्र गण्डकी प्रदेशलाई चरा पर्यटनको गन्तव्यका रुपमा विकास गर्न सक्ने देखिएको छ ।

पछिल्लो समय मर्दी हिमाल पदयात्रा क्षेत्रका साथै कास्कीकै धम्पुसलगायत स्थानमा विगतमा देखिने जस्तो डाँफे, मुनाल देख्न छाडिनु चुनौतीका रुपमा देखिएको छ । चराको वासस्थानको सङ्कटसँगै बढ्दो प्रदुषणलगायत चुनौतिका रुपमा देखिएको छ । पछिल्ला समया चराहरू दिनानुदिन सङ्कटको अवस्थामा रहेको भन्दै कवि वासुदेव पाण्डेयले आफ्नो प्रकृतिपरक कविता संग्रह दुलहीको 'बाँच्छ्यौ चरी के गरी' मा भन्नुभएको छ...

**'उड्थ्यौ चट्ट परेर चञ्चल भई**
**स्वच्छन्द आकाशमा**
**पुग्थ्यौ चाख्न मिठामिठा फलहरू**
**साथी लिई साथमा ।**
**छैनन् पल्लवयुक्त वृक्ष वनमा**
**सिध्याइए वल्लरी**
**क्रीडा गर्न नपाइने छ धरती**
**बाँच्छ्यौ चरी के गरी ॥'**

**रासस**

# झिनो अङ्कले घट्यो नेप्से परिसूचक




**काठमाण्डु** । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक तीन दशमलव ३४ अङ्कले घटेर दुई हजार ६३ दशमलव ९५ को बिन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय पाँच कम्पनीका ९४ लाख ४५ हजार छ सय ९७ कित्ता शेयर ६० हजार १६ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४९ करोड ६२ लाख ८४ हजार ३६ बराबरको कारोबार भएको छ । कारोबारमा ९४ कम्पनीको शेयर मूल्य बढेको छ भने एक सय ४७ कम्पनीको शेयर मूल्य घटेको नेप्सेले जनाएको छ ।

लघुवित्त समूह दुई दशमलव ५१, म्युचुअल फण्ड शून्य दशमलव ७५ र व्यापार समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धैरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४५ र अन्य समूह शून्य दशमलव ६८ प्रतिशतले घटेको छ ।गुर्खाज फाइनान्स लिमिटेड र बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ ।

सबैभन्दा धैरै गुमाउनेमा भने बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्य नौ दशमलव ३२ र सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-३ को शेयर मूल्य आठ दशमलव ०८ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धैरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु १९ करोड ५२ लाख ९७ हजार एक सय ५१ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी इक्विटी फण्डको सात लाख ५२ हजार तीन सय २१ कित्ता शेयर किनबेच भएको छ ।रासस

# तरकारीको बीउ उत्पादनमा वृद्धि

**त्रिवेणी** । पछिल्लो सयम रकुम पश्चिममा तरकारीको बीउ उत्पादन बढ्दै गएको छ । किसानले उत्पादन गरेको बीउले बजार नपाएको गुनासो आए पनि उत्पादनमा भने वृद्धि भएको जिल्लास्थित कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्लामा विसं २०३५ देखि तरकारीको बीउ उत्पादन सुरु भएको थियो । केही समय उत्पादनमा कमी आएकामा पछिल्लो केही वर्षयता जिल्लामा तरकारीको बीउ उत्पादन गर्ने किसानको संख्या बढेसँगै उत्पादनमा पनि वृद्धि भएको कार्यालयका निमित्त कार्यालय प्रमुख मिनबहादुर केसीले बताए ।

उहाँका अनुसार मुख्य गरी मुसीकोट नगरपालिका-३ माछमी र १३ नं वडाको सानचौरमा बीउ उत्पादन प्रशस्तै हुने गरेको छ ।

चौरजहारी नगरपालिका तथा त्रिवेणी र सानीभेरी गाउँपालिकाका केही भूभागमा पनि उत्पादन हुने गरको निमित्त प्रमुख केसीले जानकारी दिए । यहाँ मुला, प्याज, चम्चुर, काउली, सलगमलगायत ११ किसिमका तरकारीका बीउ उत्पादन हुने गरेको उहाँको भनाइ छ ।

जिल्लामा उत्पादिन बीउ दाङ, पोखरा, काठमाडौँसम्म बिक्री हुने गरेको छ ।

# प्रहरीबाट छुटेको बाह्र घण्टा मै बावुको हत्या

**टुडे समाचारदाता**



राजविराज । आईन्दा कुटपिट र भ्कै-भ्कगडा नगर्ने शर्तमा अभिभावको रोहबरमा प्रहरीबाट छाडिएका एक युवकले त्यसको १२ घण्टा नबित्दै आफ्नै बुवाको हत्या गरेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका-३ सखबनी घर भएका २२ वर्षीय लाल देव सदाले आफ्नै वुवा ४५ वर्षीय हिराई सदाको हत्या गरेका छन् ।

बुधवार विहान ७ बजेतिर उनले बन्चरो प्रहार गरी आफनो बुवा हिराइको हत्या गरेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी दीपक रायले जानकारी दिए । बन्चरो प्रहारबाट उनको घटनास्थल मै मृत्यु भएको प्रहरीले जनाएको छ ।

“कुटपिट र भ्कै-भ्कगडाको विषयमा २ दिन अघि पक्राउ परेका उनलाई सम्भ्काई बुभ्काई र सचेत गराउँदै अघिल्लो दिन साँभ्क शर्तनामा समेत गराई अभिभावकको जिम्मा लगाइएको थियो, डिएसपी रायले भने-‘तर केही समय पछि नै दुःखद घट्ना गरेको सुन्न र हेर्न पाइयो ।”

बुवालाई बन्चरो प्रहार गर्दै गरेको देखेर बचाउन गएका छिमेकी दशन सदामाथि समेत लालदेवले आक्रमण गरी घाईते बनाएको र उनको फत्तेपुर स्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको डिएसपी रायले जानकारी दिए ।

मदिरा तथा लागू औषधको कुलतमा फसेका लालदेवलाई सो कुलत त्याग्न र भ्कै-भ्कगडा न गर्न सम्भ्काउन खोज्दा आवेशमा आएर अचानक बन्चरो प्रहार गर्न थालेको स्थानीयहरुले बताए । प्रहरीले हत्यामा प्रयोग गरिएको बन्चरोसहित उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले बताए ।

उनीमाथि कर्तब्य ज्यान मुद्दा अन्तर्गत कारवाही र अनुन्सधान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेश प्रदेशको विकासका लागि प्याकेजमा बजेट छुट्याउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का प्रमुख सचेतक प्रदीप यादवले समन्यायिक समाज निर्माणको परिकल्पनासमेत नगरि समाजवाद उन्मुख बजेट आउन नसकेको बताएका छन् ।

प्रतिनिधिसभाका बैठकमा बुधबार आार्थिक वर्ष ०८०/०८१ को बजेट सिद्धान्त र प्राथमिकतामाथि छलफलमा बोल्दै प्रमुख सचेतक यादवले समन्यायिक समाजको निर्माणको परिकल्पना समेत नगरेको विनियोजन विधेयकले कसरी समाजवाद उन्मुख आधारशिला खडा हुने भन्दै प्रतिप्रश्न गरे ।

सो छलफलको क्रममा अर्थतन्त्रका सबै सूचकहरु सकारात्मक र बलियो भनिए पनि बाह्य क्षेत्र र मुद्रास्फिति मात्र सकारात्मक हुँदैमा समग्र अर्थतन्त्र कसरी सन्तुलित रहेको भन्न सक्ने आधार रहेको उनले प्रश्न तेर्स्याए ।

उनले भने, ‘मौद्रिक नीतिसँग सरोकार भएका परिसूचक मात्रै अनुकुल भएर हुँदैन वित्त नीतिसँग जोडिएका राजस्व, बजेट घाटा, व्यापार घाटा,



सार्वजनिक ऋण, खर्च र तिनको व्यवस्थापन, न्यून उत्पादन र उत्पादकत्व, बेरोजगारी, विदेश पलायन आदिका बारेमा विनियोजन विधेयकले सम्बोधन गर्नुपर्ने मुख्य प्राथमिकताहरु को स्पष्ट खाका प्रस्तुत गरेको देखिएन अर्थतन्त्रका असल र मुख्य चुनौतीहरुले पारिरहेको असरको क्रमानुसार सम्बोधन हुनसक्ने बजेट तथा कार्यक्रम ल्याउन आवश्यक छ ।’

नेपालको संविधान बमोजिम समाजोन्मुख अवधारणामा सन्तुलित विकास हुनुपर्ने कुरामा प्रमुख सचेतक यादवले जोड दिँदै भने, ‘त्यसैले समाजवादको दिशालाई आगामी बजेटले उदासीनता देखाउन मिल्दैन ।’

निर्वाचन क्षेत्र पूर्वाधार विकासको लागि कम्तीमा १० करोड रकम विनियोजन गर्नु पर्ने उनले बताए । इलेक्ट्रिक इभी कारहरुलाई प्रोत्साहन गर्नु रहेकाले आलु र प्याजमा भ्याट हटाउनुपर्ने माग समेत उनले गरे । मधेश प्रदेश विकासमा निकै पछि परेकाले मधेशको विकासका लागि प्याकेजमा विकास बजेट विनियोजन गर्न प्रमुख सचेतक यादवले अनुरोध गरे ।

वीरगञ्ज स्थित नारायणी रंगशाला जीर्ण रहेकाले रंगशाला निर्माणका लागि डिपीआर अनुसार २ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिनुपर्ने उनले माग गरे । कृषि औजार कारखानालाई सञ्चालनको लागि अभियन्ता महावीर पुनलाई पुनः जिम्मा दिए पनि बजेट भने नदिएको प्रति सरकारको ध्यानाकर्षण उनले गराए ।

चुरे संरक्षण योजनाको विकास हुनेगरी योजना ल्याउनु जरुरी रहेको उनले बताए । पर्सा वन्यजन्तु आरक्ष, कोशी टप्पु वन्यजन्तु आरक्ष, कमलामाई डाइभर्सनलगायतको विकास र बन्द रहेको जनकपुर चुरोट कारखाना सञ्चालनमा ल्याउन भन्दै सरकारसंग उनले माग गरे । उनले असारे बजेटको अन्त्य गरि पुजीगत क्षेत्रमा बढी बजेट छुट्याउनुपर्ने बताए ।

# बञ्चरो प्रहारबाट एकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सप्तकोशी नगरपालिका-३ मा बञ्चरो प्रहारबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तकोशी न.पा.३ स्थित सखवनि नयाँ बस्तीका ४५ वर्षीय हिराइ सदा रहेका छन् ।

२२ वर्षीय छोरा लालदेव सदाले घरायसी विवाद हुँदा बञ्चरोले घाँटीमा प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी ढुण्डिराज न्यौपानेले जानकारी दिए । उनका अनुसार छिमेकी ६५ वर्षीय दशन सदालाई समेत बञ्चरो प्रहार गर्दा टाउको र हातमा चोट लागेको छ । उनको स्थानीय अस्पताल फत्तेपुरमा उपचार भइरहेको छ ।

बञ्चरो प्रहार गर्ने लालदेव सदालाई घरेलु हतियार बञ्चरोसहित नियन्त्रणमा लिएर थप आवश्यक अनुसन्धान भइरहेको सूचना अधिकारी न्यौपानेले बताए ।

# मिथिला माध्यमिकी परिक्रमा आज औरहीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला माध्यमिकी परिक्रमा बिहीबार औरही पुगेको छ । यस अघि बुधबार परिक्रमका यात्रीहरुले सतोषरमा विश्राम गरेका थिए ।

धनुषाको मिथिलाविहारी नगरपालिका-८ कचुरीमा रहेको मिथिलाविहारी मन्दिर तथा जनकपुरधाममा रहेको सुन्दर सदनबाट मिथिला विहारी तथा किशोरीजीको डोलाको नेतृत्वमा प्रारम्भ हुने १५ दिवसीय यात्रा जनकपुरधामको वरिपरिका विभिन्न धार्मिक स्थलहरुमा विश्राम गर्ने गरेका छन् ।

भारत बिहारको कल्याणेश्वर स्थानबाट संकल्प सहित प्रारम्भ हुने परिक्रमा यात्रा पहिलो दिन फुलहर ,दोस्रो दिन महोत्तरीको मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड, कंचनवन तथा धनुषाको पर्वता, धनुषाधाम, सतोषर हुँदै बिहीबार औरही पुगेको छ । बुधबार पानी पर्दा यात्रीहरुलाई समस्या भएको छ । गर्मी बढेपछि यात्रीहरु चिसोका कपडाहरु नलिई सामान्य कपडा लिएर परिक्रमा गएका थिए तर, बुधबार पानी परेपछि उनीहरुलाई समस्या भोग्नु परेको छ ।



औरही र सतोखरमा मौसम अनुकुल नभए पनि स्थानीयहरुको स्वागतले यात्रीहरु तातिएका थिए ।

यात्रीहरु बिहीबार औरहीबाट भारतको करुणा, विसौल र कल्याणेश्वर हुँदै फागु पूर्णिमाको पूर्व सन्ध्यामा पुनः जनकपुरधाम फर्केर अन्तर गृह परिक्रमा गरी विधिवत् रुपमा सम्पन्न हुने छ ।

मिथिला मध्यमा परिक्रमामा नेपाल र भारतका सयौं यात्रीहरु घरबाटै भोजन र आवासको व्यवस्था सहित सहभागी हुने गरेका छन् । यात्रामा सहभागी हुँदा मोक्षको प्राप्ति हुने जनविश्वास रहिआएको छ ।

# बारामा ११ अर्बको धान उत्पादन

**टुडे समाचारदाता**

कलैया । चालु-आर्थिक वर्ष ०८०/०८१ मा बारा जिल्लामा करिब पौने ११ अर्ब बराबरको दुई लाख ७१ हजार ६२ मेट्रिकटन धान उत्पादन भएको छ ।

जिल्लाका विभिन्न भेगमा गरेर ६२ हजार २० हेक्टर क्षेत्रफलमा चैते, भदैया र अग्हनी धान खेती भएको थियो । यो वर्ष भने, जिल्ला समन्वय समितिको बैठकले ४० रुपैयाँ प्रतिकिलो धानको मूल्य निर्धारण गरेको छ ।

सोही अनुसार यो वर्ष बारामा १० अर्ब ८४ करोड २४ लाख ८० हजार बराबरको धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी रामजीवन ठाकुरले जानकारी दिए । जिल्लाका कृषकले ३४ हजार १ सय २० हेक्टर क्षेत्रफलमा धान खेती गरेर एक लाख ३९ हजार ८ सय ९२ मेट्रिक टन धान उत्पादन गरेको छ।



यसैगरी ११ हजार नौ सय हेक्टर क्षेत्रफलमा भदैया धान खेती गरेर ५१ हजार १ सय ७० मेट्रिक टन भदैया धान र १६ हजार हेक्टर क्षेत्रफलमा चैते धान खेती गरेर ८० हजार मेट्रिक टन धान उत्पादन गरेको उनले बताए।

गत-आर्थिक वर्ष ०७९/०८० मा चैते, भदैया र अग्हनी धान छ अर्ब १४ करोड ९८ लाख ६२ हजार ५ सय बराबरको दुई लाख ५० हजार ४७४.५ मेट्रिक टन धान उत्पादन भएको निमित्त कार्यालय प्रमुख राजनारायण प्रसाद साहले जानकारी दिए ।

उनका अनुसार ३४ हजार १ सय १५ हेक्टर क्षेत्रफलबाट एक लाख ४३ हजार दुई सय ८३ मेट्रिक टन अग्हनी धान उत्पादन भएको तथा ११ हजार ९ सय ५ हेक्टर क्षेत्रफलमा ५१ हजार १९१.५ मेट्रिक टन भदैया धान र १४ हजार हेक्टर क्षेत्रफलबाट ५६ हजार मेट्रिक टन चैते धान उत्पादन भएको थियो ।

# ग्लोबल मनि सप्ताह मनाइँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । नबिल बैंक लिमिटेडले ग्लोबल मनि सप्ताह-२०२४ को अवसरमा बालबालिका तथा युवालाई लक्षित गर्दै कार्यक्रम संचालन गरेको छ ।

जनकपुरधाममा बुधबार आर्थिक सहयोग र विकास संगठन (ओइडिसी) को संयोजनमा ग्लोबल मनि सप्ताह जनकपुर कम्युनिटी कलेज र राजर्षि जनक कलेजमा अध्ययनरत्त विद्यार्थीहरुसंग मनाएको छ ।

बालबालिका र युवाहरुलाई लक्षित गर्दै वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ ग्लोबल मनि सप्ताह सुरु गरिएको नबिल बैंक लिमिटेडका नबिल बजार प्रबन्धक दिपक कुमार साहले जानकारी दिए ।

सन् २०१२ देखि बालबालिका र युवाहरुमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ आर्थिक सहयोग र विकास संगठनको संयोजनमा चैत ११ गतेसम्म ग्लोवल मनि सप्ताह सञ्चालन उनले बताए ।

ग्लोबल मनि सप्ताहको अवसरमा सो कम्पनीले जनकपुरधामलगायत विभिन्न स्थानमा चैत ११ गतेसम्म वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम संचालन हुने इन्भेस्ट नबिल बैंकका कार्यालय व्यवस्थापक रोजी कालुले बताइन् ।





## सैनिक आवासीय महाविद्यालय

बर्दिवास, महोत्तरी

## शिक्षक तथा कर्मचारी आवश्यकता

१. यस महाविद्यालयमा तपसिलमा उल्लेखित शिक्षक तथा कर्मचारीहरु आवश्यक परेको हुँदा ईच्छुक योग्य ब्यक्तिहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद | संख्या | श्रेणी |
|---|---|---|---|
| १ | जी.टी. (अङ्ग्रेजी) पूर्णकालिन | १ | रा.प. तृतिय |
| २ | जी.टी. (गणित) पूर्णकालिन | १ | रा.प. तृतिय |
| ३ | जी.टी. (लेखाशास्त्र) फल्याट बेसिस | १ | रा.प. तृतिय |
| ४ | जी.टी. (कम्प्युटर) पूर्णकालिन | १ | रा.प. तृतिय |
| ५ | केशकर्तक पूर्णकालिन | १ | श्रेणीविहिन |

२. विस्तृत जानकारीको लागि नेपाली सेनाको वेवसाइट www.nepalarmy.mil.np साथै, यस महाविद्यालयका Facebook Pagec वा वेवसाइट www.sambm.edu.np मा राखिएको छ ।

**दस्तखत बुझाउने अन्तिम मिति र समय**

२०८० चैत्र २२ गते बिहिबार दिउसो ४ बजे सम्म ।

**सम्पर्क नं. ९८५४०३००७०, ०४४-५४९०१०३**



## भूमिगत जलभण्डारणको संरक्षण गरौ

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि:**

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूवाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नविन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जलभण्डारणमा वृद्धि गरौं ।

**दिगो विकासमा योगदान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८